तराई-मधेस जागरण अभियान पुनः सुरु | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ • अंक ३१९ • २०८२ साल बैशाख ४ गते विहीबार (17 April, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–


## मधेशका पूर्वप्रदेश प्रमुख अहिराजविरुद्ध करणीको जाहेरी



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख राजेश झा 'अहिराज'विरुद्ध करणीको आरोपसहित जाहेरी परेको छ।

पीडितले काठमाण्डु जिल्ला प्रहरी परिसरमा दर्ता गराएको जाहेरीअनुसार झाले नाबालिग अवस्थामा शारीरिक र मानसिक शोषण गरेको आरोप छ । प्रहरीले अनुसन्धान सुरु गरिसकेको छ भने झाविरुद्ध पक्राउ पुर्जी जारी गराउने प्रक्रियासमेत अगाडि बढेको जनाइएको छ।

जिल्ला प्रहरी परिसर काठमाण्डुका प्रवक्ता तथा एसपी अपीलराज बोहोराका अनुसार पीडित युवतीले दिएको जाहेरी अनुसार प्रारम्भिक सुनवाईपछि औपचारिक रूपमा अनुसन्धान प्रक्रियामा थालिएको छ । प्रहरीका अनुसार पीडित युवतीले प्रारम्भमा राष्ट्रिय महिला आयोगमा उजुरी दिएकी थिइन् । त्यसपछि उनलाई महिला तथा बालबालिका सेवा केन्द्र र प्रहरी कार्यालयमा लगिएको थियो। पीडितका अनुसार उनी झाको घरमा बस्दै आएकी थिइन् । १७ वर्षको उमेरमा उनीमाथि झाले जबरजस्ती सम्बन्ध राखेको आरोप लगाएकी छन्। कानुनी परिभाषाअनुसार १८ वर्षभन्दा कम उमेरकी किशोरीलाई सहमतिमा भएको सम्बन्ध पनि बलात्कारकै श्रेणीमा पर्छ।

जाहेरीमा उल्लेखअनुसार झाले पीडितमाथि लामो समयसम्म शारीरिक र मानसिक यातना दिँदै आएका थिए । सामाजिक, पारिवारिक र मानसिक दबाबका कारण उनी वर्षौंसम्म मौन रहन बाध्य भएको पनि उल्लेख गरिएको छ।

### अडियो परीक्षणबारे स्पष्टता आवश्यक

# विक हत्या प्रकरणमा विशेषज्ञलाई झिकाउन उच्च अदालतको आदेश

**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरी बलका सहायक निरीक्षक (असई) थमन विकको हत्या प्रकरणमा उच्च अदालत जनकपुरले मोबाइल अडियो परीक्षणमा संलग्न साइबर विशेषज्ञ आनन्द निरौलालाई उपस्थित गराउन आदेश दिएको छ।

बुधबार उच्च अदालत जनकपुरका न्यायाधीश नरिश्वर भण्डारी र जगदीश घिमिरेको संयुक्त इजलासले महत्वपूर्ण प्रमाणका रूपमा रहेको मोबाइल अडियो परीक्षणबारे स्पष्टता आवश्यक भएको निष्कर्ष निकाल्दै निरौलालाई बयानका लागि अदालतमा उपस्थित गराउन निर्देशन दिइएको छ।

यसअघि पनि प्रहरी प्रधान कार्यालयको साइबर ब्युरोबाट दुई विशेषज्ञ–आनन्द निरौला र दक्षेपी शेर्पालाई अदालतमा बोलाउने आदेश गरिएको थियो। तीमध्ये दक्षेपी शेर्पाले अदालतमा उपस्थित भई आफ्नो बयान दिएका थिए भने निरौला कोरियामा तालिममा रहेका कारण उपस्थित हुन सकेका थिएनन्।

अदालतका उपरजिस्ट्रार सुशील यादवका अनुसार, असई थमन विकको हत्या प्रकरणमा संलग्न ठहर गरिएका व्यक्तिहरूको मोबाइलमा भेटिएको अडियो कल परीक्षणमा निरौला र शेर्पा दुबैको संलग्नता थियो । परीक्षणको प्रक्रिया, विश्लेषणको नतिजा र त्यसको प्रमाणिकता विषयमा थप प्रष्टिकरण आवश्यक देखिएकोले निरौलालाई पुनः बोलाइएको हो।

२०७२ साल भदौ २५ गते, दोस्रो मधेश आन्दोलनका क्रममा महोत्तरी जिल्लामा भएको घटनामा एम्बुलेन्सबाट जबरजस्ती निकालेर थमन विकको निर्मम हत्या गरिएको थियो। उक्त घटनाले तत्कालीन



राजनीतिक अवस्था र सुरक्षाकर्मीमाथिको आक्रमणबारे गम्भीर बहस र नीतिगत समीक्षा निम्त्याएको थियो।

घटनासँग सम्बन्धित रूपमा २०७२ फागुन २७ गते २८ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा र २५ जनाविरुद्ध आगजनीको मुद्दा दर्ता गरिएको थियो।

प्रकरणमा मधेश प्रदेशका तत्कालीन प्रदेश सांसद (दोस्रो कार्यकाल) अभिराम शर्मा, जलेश्वर नगरपालिकाका पूर्वमेयर रामशंकर मिश्र, सुरेश पाण्डे र धमेन्द्र रायसहितका राजनीतिक तथा सामाजिक व्यक्तिहरू प्रतिवादीका रूपमा रहेका छन्।

महोत्तरी जिल्ला अदालतले सो मुद्दामा २०८० मंसिर २८ गते फैसला सुनाएको थियो । उक्त फैसलामा नेकपा एमालेका संघीय सांसद लक्ष्मी महतो कोइरीलाई सफाइ दिइएको थियो भने अभिराम शर्मालाई जन्मकैदको सजाय सुनाइएको थियो।

अदालतको फैसलापछि प्रदेश सभा सचिवालयले शर्मालाई पदमुक्त नगरे पनि उनलाई २०८० साल वैशाख १८ गतेदेखि निलम्बनमा राखेको थियो । शर्मा र अन्य प्रतिवादीहरूले जिल्ला अदालतको फैसलाविरुद्ध उच्च अदालतमा पुनरावलोकनको माग गर्दै अपिल दर्ता गराएका थिए।

हाल उच्च अदालत जनकपुरमा उक्त मुद्दा पुनरावलोकनको चरणमा रहेको छ । यस क्रममा साइबर प्रमाण र अडियो विश्लेषणको महत्व झनै बढेको देखिएको छ। जन्मकैद तथा २० वर्ष वा २० वर्षभन्दा माथिको सजाय पाएको मुद्दामा साधक सुनवाई गर्ने कानुनी प्रावधान रहेको छ।

बिक हत्या प्रकरणमा साधक बहस हुने भएपछि जन्मकैदको सजाएका पाएका परिवारजनहरुले न्याय प्रशासन ऐन २०७३को दाफा १०(४) बमोजिम उच्च अदालतमा निवेदन दिएका थिए।

अभिराम शर्मा त्यसबेला दोस्रो कार्यकालका प्रदेश सांसद थिए । अदालतको फैसलापछि प्रदेशसभाले उनलाई २०८० वैशाख १८ गतेदेखि निलम्बन गरेको थियो।

मुद्दाको जटिलता, राजनीतिक संवेदनशीलता र प्रमाणको विश्लेषणलाई ध्यानमा राख्दै अदालतले निष्कर्ष निकाल्न अझै केही चरण पार गर्न बाँकी रहेको देखिन्छ।

साइबर परीक्षणमा संलग्न विशेषज्ञहरूको पुनः बयानले निष्पक्ष न्यायको प्रक्रियामा मद्दत पुग्ने विश्वास गरिएको छ। अदालतले प्रमाणको वैज्ञानिक विश्लेषणमा जोड दिँदै निष्पक्ष र न्यायपूर्ण फैसलातर्फ अघि बढ्न खोजिरहेको संकेत यो आदेशले दिएको छ।

थमन विक हत्या प्रकरण नेपाली न्याय प्रणालीमा गम्भीर मानिएको मुद्दा हो, जसमा राज्यका सुरक्षाकर्मीमाथिको हिंसा र त्यसको राजनीतिक परिवेशसहितको विश्लेषण आवश्यक रहेको बताइन्छ। उच्च अदालतको समीक्षा प्रक्रियामा हुने निर्णयले भविष्यमा यस्ता मुद्दाको कानुनी दृष्टिकोण र राजनीतिक प्रभावसमेत निर्धारण गर्नेछ।







Under the Management of J.E.F Pvt. Ltd

**SIDDHARTHA SHISHU SADAN**

**BOARDING SECONDARY SCHOOL**

Janakpurdham-01

नववर्ष २०८२ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सु-स्वास्थ्यको लागि हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं ।

४३ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४४ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक नारी शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई मध्यनजर गर्दै यस शैक्षिक सत्र २०८२ मा पनि विगत् झैं छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ ।

**शैक्षिक सत्र २०८२ भर्ना सम्बन्धि सूचना**

१. नर्सरी देखि कक्षा ९ सम्म सिमिट सिटको लागि मात्र नयाँ भर्ना लिइनेछ ।

२. प्रवेश परीक्षाको फारम वितरण : मिति २०८१-१२-२५ गते सोमवार देखि

३. प्रवेश परीक्षाको किसिम

(क) नर्सरी देखि कक्षा ५ सम्म - मौखिक मात्र

(ख) कक्षा ६ देखि कक्षा ९ सम्म - लिखित र मौखिक दुवै ।

४. प्रवेश परीक्षा मिति :- २०८२-०१-०४ गते विहिवार

(क) पहिलो सत्र (First Shift) :- विहान ८ वजे देखि ११ वजे सम्म

(ख) दोश्रो सत्र (Second Shift) :- दिउँसो १ वजे देखि ४ वजे सम्म

५. प्रवेश परीक्षाको नतिजा (Result) प्रकाशन :- मिति २०८२-०१-०५ बिहान ८ वजे

६. नामाङ्कन प्रारम्भ :- मिति २०८२-०१-०५ गते विहान ८ वजे देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२६५६५/९८४४२६०९६९/ ९८०४८९०१८१/ ९८५४०२८७७२ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**यातायातको सुविधा**

जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा ,पिपरा, भोइल, तेतरीया, थुमौना, कुर्था सम्म

प्राचार्य

**सिद्धार्थ शिशु सदन**

भानुचौक, जनकपुरधाम–९

Ph.no.: 041-041-522969, 525064,

Mob. 9801622969, 9801674658

# सर्लाहीको दुई ठाँउमा आगलागी,लाखौंको क्षति

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको कौडेना गाउँपालिका वडा न-४ मोतिपुरमा आगलागीबाट एक घरमा ठूलो क्षति भएको छ । बुधबार बिहान भएको उक्त घटनामा स्थानीय पप्पु साह सोनारको भान्सा घर पूर्णरूपमा जलेर नष्ट भएको ईलाका प्रहरी कार्यालय कौडेनाले जनाएको छ ।



प्रहरीका अनुसार, साहकी १० वर्षीया छोरी सनी कुमारी साहले भिक्सको पात प्रयोग गरी खाना पकाउने क्रममा अचानक आगो सल्किएको हो । आगो खरको छानो र बाँसको टाटीबेरा प्रयोग गरिएको भान्सा घरमा तीव्र गतिमा फैलिँदा ठूलो क्षति पुगेको जनाइएको छ ।

आगलागीका कारण भान्सा घरभित्र रहेका दुईवटा साइकल, अन्नपातलगायतका सामग्री जलेर नष्ट भएका छन् । प्रारम्भिक अनुमानअनुसार आगलागीबाट करिब ४० हजार रुपैयाँ बराबरको क्षति भएको भए पनि मानवीय र पशुजन्य क्षति भने नभएको प्रहरीले जनाएको छ ।

स्थानीयवासीहरू र सुरक्षाकर्मीहरूको सक्रियतामा आगो बिहान करिब साढे ८ बजेतिर नियन्त्रणमा लिइएको थियो । त्यसैगरी कविलासी नगरपालिका-४ हेमपुरमा मंगलबार बिहान अन्दाजी साढे १० बजे भएको आगलागीमा परि एक पाडी जलेर मृत्यु भएको छ भने अन्य दुई चौपाया गम्भीर घाइते भएका छन् ।

स्थानीय कैलाश रायको फुसको छानो भएको गोठमा लामखुट्टे धपाउनका लागि बालिएको घुरबाट आगो सल्किँदा गोठमा राखिएका एक भैंसी र दुई पाडी जलेका हुन्। आगलागीका कारण भैंसीको टाउको र पेटमा करिब २५ प्रतिशत भाग जलेको छ भने एक पाडीको ९० प्रतिशत शरीर जलेको र अर्को पाडी पूर्ण रूपमा जलेर मृत भएको प्रहरीले जानकारी दिएको छ। प्रहरीका अनुसार आगलागीबाट मानवीय क्षति भने भएको छैन । घटनामा जलेका दुई पाडीको अन्दाजी मूल्य ४५ हजार रूपैयाँ र पूर्ण रूपमा नष्ट भएको गोठको मूल्य ५ हजार रूपैयाँ गरी जम्मा ५० हजार रूपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । स्थानीयबासी र प्रहरीको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो।

# गणेशमान चारनाथका शिक्षकहरूको हाजिरी काठमाण्डुमा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको गणेशमान चारनाथ नगरपालिकामा कार्यरत शिक्षक तथा कर्मचारीहरुले काठमाण्डुको सडक आन्दोलन स्थलमै दैनिक हाजिरी गर्ने भएका छन् ।




पालिकाभरका उपलब्ध प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरुको बुधवार बसेको संयुक्त बैठकले शैक्षिक आमहडताल घोषणा भई काठमाण्डुमा जारी आन्दोलनमा अनिवार्य रुपमा सम्पूर्ण शिक्षक/कर्मचारी सहभागी हुने र आन्दोलन स्थलमै हाजिरी समेत गर्ने निर्णय गरिएको शिक्षक जितेन्द्र प्रसाद सिंहले जनाए । निर्णयलाई अटेर गर्ने शिक्षक तथा कर्मचारीहरुको हाजिरी कट्टा गर्ने निर्णय समेत भएको जनाइएको छ । बैठकमा शिक्षक तथा कर्मचारीहरुले सरकारले बोलाएको संसद अधिवेशनमा संघीय शिक्षा ऐन प्रवेश नपाएसम्म काठमाण्डु नछाड्ने प्रतिबद्धता जनाएका थिए ।

बैठकमा सहभागी जनता जायसवाल मा.वि.,गोदारका प्रधानाध्यापक पृथ्वीराज यादवले नेपाल शिक्षक महासंघको आह्वानमा काठमाण्डौमा जारी सडक आन्दोलनमा गणेशमान चारनाथ नगरपालिका सहित देशभरबाट शिक्षक तथा कर्मचारीहरुको सम्मानजनक सहभागिता रहँदै आएको उल्लेख गर्दै विभिन्न कारणले आन्दोलनमा सहभागी हुन नसकेका शिक्षक तथा कर्मचारीहरूलाई समेत अनिवार्य सहभागिताका लागि आह्वान गरिएको बताए ।

मन्त्रिपरिषद् बैठकले संसद्को आगामी अधिवेशन वैशाख १२ गतेलाई बोलाइएको छ । आगामी अधिवेशनमा सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको हित हुने खालका संघीय शिक्षा ऐनले सम्मानजनक प्रवेश पाउनेमा ठोस आधार नभएसम्म आन्दोलन नरोकिने र आफूहरु समेत टसमस नहुने शिक्षक तथा कर्मचारीहरुले चेतावनी दिँदै आएका छन् ।

तराई मधेशबाट लाखौं संख्यामा शिक्षक तथा कर्मचारीहरुले काठमाण्डौ आन्दोलनमा सहभागी रहेको जनाउँदै जनता जायसवाल मा.वि.,गोदारका शिक्षक प्रमोद कुमार यादवले आन्दोलनमा सहभागी हुन छुटेका तथा नयाँ वर्ष मनाउन घर फर्केका शिक्षक तथा कर्मचारीहरु नयाँ वर्षको सतुवाइन् एवं जुडशितल पर्वमा अग्रजहरुबाट प्राप्त आशिर्वाद सहित उमङ्गका साथ पुनः आन्दोलनमा सहभागी हुन दैनिक सयौँ शिक्षक तथा कर्मचारीहरु काठमाण्डौ जाने क्रम बढेको उल्लेख गरे । सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको अधिकारका साथै सम्पूर्ण शैक्षिक सुधारका लागि आन्दोलन भैरहेको उनको भनाई थियो।

शिक्षा ऐन २०२८ खारिज गरी नयाँ शिक्षा ऐन जारी गर्न माग गर्दै शिक्षक तथा कर्मचारीहरूले काठमाण्डौमा प्रदर्शन गरिरहेका छन् । चैत्र २० गतेदेखि आन्दोलनलाई निरन्तरता दिएका शिक्षकहरुले २५ गतेबाट शैक्षिक आम हडतालको घोषणा समेत गरेका हुन् । आन्दोलनको नेतृत्व गरिरहेको नेपाल शिक्षक महासङ्घले आन्दोलन निर्णायक मोडमा पुगेको भन्दै थप शिक्षक कर्मचारीहरूलाई काठमाण्डौमा केन्द्रित भएर आन्दोलन चर्काउन आह्वान गरेको छ ।

विद्यालयमा हडताल गरेर शिक्षक कर्मचारीहरूले आन्दोलन गर्दा सरकारी विद्यालयहरूमा नयाँ भर्ना अभियान रोकिएको छ । वार्षिक परीक्षाको नतिजा प्रकाशन, एसईईको उत्तरपुस्तिका परीक्षणलगायतका सम्पूर्ण शैक्षिक गतिविधि प्रभावित भएको छ ।

# वर्ष २०८१: मानवअधिकारको अवस्थामा सुधारको खाँचो

काठमाण्डु । विस्तृत शान्ति सम्झौताको जगमा बनेको सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन, २०८१ साल शंसोधनसहित पारित भएसँगै द्वन्द्वकालका पीडितले न्याय पाउने आशा राखेका थिए, तर ऐनअनुसार आयोगका पदाधिकारी नियुक्त हुन नसक्दा २०८१ सालमा पनि पीडितहरू मर्माहत भएका छन् । सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिनसम्बन्धी आयोगमा पदाधिकारी नियुक्तिका लागि प्रमुख दलहरुबीच मतैक्य नरहे पनि यसतर्फ ठोस काम हुन सकेन, तथापि सरकारले आयोगका पदाधिकारी छनोट गर्न फेरि सर्च कमिटी गठन गरेको छ ।




राजतन्त्र फेरि बहाली गर्नुपर्छ भन्दै २०८१ चैत १५ गते पूर्वराजाका समर्थकले तीनकुने क्षेत्रमा गरेको हिंसात्मक प्रदर्शनका कारण एभिन्युज टेलिभिजनमा कार्यरत क्यामरा पर्सन सुरेश रजकको मृत्यु भयो । प्रदर्शनमा भएको तोडफोड र ज्यादतिका विषयमा भिडियो खिचिरहेका पत्रकार रजकको आगजनीमा परेर ज्यान गुम्यो । सोही दिन प्रहरीको गोली लागेर कीर्तिपुर नगरपालिका-४ घर भएका २९ वर्षीय सविन महर्जनको मृत्यु भयो । उक्त हिंसात्मक प्रदर्शनमा धेरै मानिस घाइते भए । भौतिक संरचनामा तोडफोड र आगजनी गरी ठूलो धनको क्षति भयो । वर्षको अन्यतिर यो घटना निकै पीडादायी बन्यो ।

ताप्लेजुङको प्रसिद्ध धार्मिकस्थल पाथीभरामा केबलकार बनाउने क्रममा भएको विवादले उग्ररुप लिँदा सुरक्षाकर्मी र पहिचानवादी आन्दोलनकारी दुवै घाइते भए । पाथीभरा (मुकुम्लुङ) क्षेत्रमा केबलकार निर्माण गर्दा किरात समुदायको मुन्धुमी संस्कृति मेटिने आन्दोलनरत पक्षको भनाइ छ । मुन्धुमी संस्कृतिलाई जोगाउन सो क्षेत्रलाई प्राकृतिक अवस्थामै छाड्नुपर्ने उनीहरुको माग छ । स्थानीय तथा राजनीतिक दलहरुको आदिवासी जनजाति पर्यावरणीय पाटो ध्यान दिन दिएर केबलकार बनाउनु राम्रो हुने सुझाव दिइरहेका थिए ।

केबलकार आयोजना निर्माणकर्ता र स्थानीयबीच पर्याप्त छलफल र आवश्यक परामर्श हुन नसक्दा तनावको अवस्था छ । केबलकार निर्माण गर्न हुन्छ वा हुँदैन भन्ने पक्षबीच झडप हुँदा धेरै घाइते भइसकेका छन् । विवाद निरुपणका लागि सरकार र आन्दोलनकारी पक्षबीच वार्ता भए पनि निष्कर्ष निस्किसकेको छैन ।

सहकारी, लघुवित्त, बैंक तथा मिटरब्याजपीडितहरूले काठमाडौँमा प्रदर्शन गरिरहेका छन् । सरकारले पीडितहरुसँग समयसमयमा वार्ताबाट समस्या समाधान गर्न सम्झौता पनि गरेको छ । तर कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अझै पनि मिटरब्याजपीडित, सहकारीपीडितहरु सडकमै आएर आन्दोलन गर्न बाध्य भएका छन् ।

विद्यालयमा बालबालिकालाई पढाएर उनीहरुलाई उज्यालो भविष्य देखाउनुपर्ने शिक्षकहरु विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै चैतको अन्त्यदेखि विद्यालय बन्द गरेर सडकमा छन् । आफ्ना मागमा सरकारले सहमति गर्ने तर कार्यान्वयनमा ध्यान नदिने गुनासो उनीहरूको छ । संवत् २०८१ भर माइतीघरमण्डलामा कुनै न कुनै विषयमा विभिन्न समूहले आफ्ना माग पूरा गर्न भन्दै प्रदर्शन गरिरहेकै छन् । देशका विभिन्न भागमा भइरहने हत्या, हिंसा, सामाजिक बहिस्करण र विभेदसमेतका अनेक घटनाको निष्पक्ष छानबिन र पीडकलाई कडाभन्दा कडा सजायको माग गर्दै यस्ता प्रदर्शन भइरहेका देखिन्छन् ।

"२०८१ साललाई नियाल्दा मानवअधिकारको अवस्था उत्साहजनक हुन सकेन", मानवअधिकारकर्मी चरण प्रसाईंले भन्नुभयो, "अहिले पनि सडकमा शिक्षकहरू आन्दोलनमा छन्, विद्यालय शिक्षासम्बन्धी ऐन सरकारले बनाएर दिनुपर्ने हो, शिक्षकहरु सडकमा कानुन बनाउनुपर्यो भनेर माग गर्दै आन्दोलन गर्नुपर्ने आउनुपर्ने अवस्था होइन ।" सरकारले पीडितहरूसँग सहमति गर्ने तर कार्यान्वयन नगर्ने अवस्थाका कारण अहिले पनि सहकारी पीडित, शिक्षक, मिटरब्याजपीडित सडकमै आउनुपरेको उहाँको भनाइ छ । सरकार र पीडितबीच सहमति भएपछि त्यसलाई अक्षरसः कार्यान्वयनमा लैजानुपर्नेमा मानवअधिकारकर्मी प्रसाईंको जोड छ ।

"विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष बितिसकेको छ तर अहिलेसम्म पनि पीडितले न्याय पाउने अवस्था बनेको छैन", प्रसाईंले भन्नुभयो, "एउटा सन्तोषको कुरा लामो समयपछि भए पनि ऐन संशोधन भयो, पदाधिकारी सिफारिसका लागि समिति बनेको छ, प्रक्रिया अघि बढेको भए पनि न्याय दिन धेरै ढिलाइ भइसकेको छ ।"नेपालले मानवअधिकारको प्रवर्द्धन, संरक्षण र न्याय दिने गरी विभिन्न अन्तरराष्ट्रिय सन्धि/सम्झौतामा हस्ताक्षर गर्नुका साथै संविधानमा मौलिक हकको व्यवस्था गरेको छ । ती सन्धि सम्झौता र संविधान कार्यान्वयनको अवस्था अध्ययन गरी आवश्यक प्रबन्ध गर्नु राज्यको दायित्व हो ।

मानवअधिकारकर्मी मन्दिरा शर्माले भन्नुभयो, "नेपालले संयुक्त राष्ट्रसङ्घको सिड कमिटीमा प्रतिवेदन बुझायो, त्यहाँ धेरै नागरिक समाजले छलफल गर्न पायो, त्यो राम्रो कुरा हो ।" वर्षको पछिल्लो समयमा राजनीतिक कारणले धेरै धनजनको क्षति हुनेगरी घटना भएकाले मानवअधिकारको अवस्था कष्टकर रहेको उहाँको भनाइ छ । "राजावादीको आन्दोलनका नाममा हिंसात्मक गतिविधिले तीनकुनेमा ज्यान जाने घटना भयो", उहाँले थप्नुभयो, "कार्यस्थलमा काम गर्दै गरेको पत्रकार जिउँदै जलाउनु जघन्य अपराध हो, त्यो अन्त्यन्तै चिन्ताजनक कुरा भयो ।"

नेपालमा बाल सुधारगृहहरूमा भौतिक संरचनाको कमीका कारण पनि बाल सुधारगृहमा झडप नै हुने स्थिति आएको र झडपकै क्रममा बालबालिकाको मृत्यु हुनु मानवको बाँच्न पाउने अधिकारकै उल्लङ्घन भएको उहाँको भनाइ छ । "बाल सुधारगृहको भौतिक संरचनाका कमी भएको देखिएको छ, जसका कारण बालबालिकाबीच झडप भएर ज्यानसमेत जाने अवस्था भयो", उहाँले थप्नुभयो, "यसतर्फ सरकार गम्भीर हुनुपर्छ । यस्ता घटना पुनरावृत्ति हुन नदिन सरकारले काम गर्नुपर्छ ।"रासस

# विभागद्वारा दुई व्यवसायी कम्पनीलाई कारबाही




काठमाण्डु । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दुई व्यवसायी कम्पनीलाई कारबाही गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ को उल्लङ्घन गरेकाले विभागले उपत्यकाकै डिलरका रूपमा रहेको ललितपुरस्थित पशुपति इन्टरनेसनल बिजनेस प्रालि तथा पशुपति ट्रेडिङ कन्सर्न काठमाडौँलाई कारबाही गरेको विभागका महानिर्देशक कुमारप्रसाद दहालले जानकारी दिनुभयो ।

उहाँका अनुसार पशुपति इन्टरनेसनल बिजनेस प्रालिले बिक्री वितरण गर्ने गुट्खा तथा खैनीको कारोबार रोक्का गरिएको र यस प्रालिका सामग्रीमा तौलसमेत कैफियत देखिएकाले देशैभर कारोबार रोक्का गर्न निर्देशन गरिएको छ ।

त्यसैगरी, दुवै व्यावसायिक कम्पनीलाई पनि कागजातसहित तीन दिनभित्र विभागमा उपस्थित हुन सूचना जारी गरिएको बताइएको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको निर्देशनमा विभागले उपभोक्ताको अधिकारको संरक्षणका लागि निरन्तर अनुगमन तथा कारबाहीलाई प्रभावकारी बनाइरहेको जनाइएको छ ।

सरकारले बजारमा बिक्री गरिने सबै सामग्रीमा अधिकतम खुद्रा बिक्री मूल्य (एमआरपी) अनिवार्य गरेको छ । एमआरपीबिना सामग्री बेच्नेलाई कारबाही गर्न सुरु गरिएको हो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : समयमा सहि निर्णय लिन सक्ने क्षमताले अगाडि बढ्न मद्दत पुग्नेछ ।
वृष : रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ ।
मिथुन : व्यापार व्यवसायमा प्रशस्त फाइदा हुने योग रहेकोछ ।
कर्कट : सामाजिक मानसम्मान र प्रतिष्ठित काम गर्ने मौका छ ।
सिंह : आफ्नो क्षेत्रको नेतृत्व गर्दै विदेश जाने योग रहेको छ ।
कन्या : आफन्तको सहयोगले महत्वपूर्ण कामको थालनी हुनेछ ।
तुला : स्वास्थ्यमा सुधार आउनेछ । भेटघाटमा समय बित्नेछ ।
वृश्चिक : नयाँ ज्ञान प्राप्त हुने योग रहेको छ ।
धनु : सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ ।
मकर : समाजमा मानसम्मान र प्रतिष्ठा कमाउने बेला छ । श्रमको उचित मूल्यांकन हुनेछ ।
कुम्भ: साथीभाईको सहयोगले महत्वपूर्ण कामहरु सफल हुनेछन् ।
मीन : आस मारेको कामले उत्साह जगाउनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पर्साको पकहाँ मैनपुर गाउँपालिका-२, मानिपुरमा उखुलगायत खेतीमा सिँचाइ गर्न बोरिङबाट निकालेको पानी । तस्बिरः रासस

# प्रहरीले विमानस्थलमा दुर्व्यवहार गरेको घटनामा छानबिन सुरु

काठमाण्डु । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा एक युवालाई दुर्व्यवहार भएको घटनामा प्रहरीले छानबिन थालेको छ ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङले केही दिनअघि भएको उक्त घटनामा संलग्न तीनजना प्रहरीमाथी घटनाको छानबिन थालिएको राससलाई जानकारी दिनुभयो ।

दुबईबाट काठमाडौँ आएका मोरङका सञ्जय ओझालाई गत चैत ३१ गते विमानस्थलमा तीन प्रहरीले समातेर दुर्व्यवहार गरेको भिडियो सामाजिक सञ्जालमा 'भाइरल' भएको थियो । "उक्त



घटनामा देखिएका प्रहरीलाई विमानस्थलको जिम्मेवारीबाट हटाएर छानबिन थालेका छौँ, छानबिनपछि यकिन कुरा आउँछ", तामाङले भन्नुभयो । ट्रली बाहिर ल्याएको विषयमा विमानस्थलकै कर्मचारीसँग विवाद भएको र त्यसपछि विवाद भएको जनाइएको छ । सामाजिक सञ्जालमा प्रहरीको व्यवहारको आलोचना भइरहेको छ ।

उनी वैदेशिक रोजगारीबाट फर्कने क्रममा विमानस्थलमा भन्सार जाँच पासपछि उक्त घटना भएको थियो ।रासस

# बालबालिकाको क्षेत्रमा लगानी वृद्धि गर्न आग्रह

काठमाण्डु । बालबालिका क्षेत्रका विज्ञ तथा अधिकारकर्मीले बाल संवेदनशीलताको विचार गरी बालबालिका क्षेत्रलाई राज्यको प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन । राष्ट्रिय बाल अधिकार परिषद्ले विहिबार आयोजित 'बालबालिकाका



लागि लगानी तथा बजेट वृद्धि' विषयक संवाद कार्यक्रममा विज्ञहरूले बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि सरकारका तीनवटै तहबाट बालबालिकामा हुनुपर्ने लगानीको प्रक्षेपण गर्नुपर्ने माग गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौड्याल अधिकारीले विगतको तुलनामा पछिल्लो समयमा बालबालिकाको क्षेत्रमा सुधार हुँदै गएको तथ्य प्रस्तुत गर्नुभयो । यद्यपि बालबालिकाका क्षेत्रमा राज्य, सरकार, समाज र परिवारले अझै धेरै कार्य गर्नुपर्ने उहाँको भनाइ छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव तथा बाल संरक्षण तथा विकास शाखाका प्रमुख दीपक ढकालले बालबालिकाका क्षेत्रमा हुने लगानीको लेखाजोखा गर्नका लागि बालबालिका उत्तरदायी बजेटसङ्केत प्रणाली लागू गर्नेबारे मन्त्रालयले तयारी गरिरहेको जानकारी गराउनुभयो । बालबालिकाको क्षेत्रमा क्षेत्रगत लगानी वृद्धि गर्ने, बालबालिकामैत्री पूर्वाधार विकास गर्ने र बालमैत्री शासन प्रणाली अवलम्बन गर्ने कार्यमा मन्त्रालयले सक्रियताका साथ काम गरिरहेको उहाँको भनाइ छ ।

सरकारी निकायलगायत बालबालिकाका क्षेत्रमा लगानी गर्ने विकास साझेदार एवं राष्ट्रिय/अन्तरराष्ट्रिय गैरसरकारी संस्थाको लगानीमा क्षेत्रगत एकद्वार प्रणालीको अवलम्बन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अधियानका महासचिव तिलोतमा पौडेलले आगामी आर्थिक वर्ष २०८२/८३ मा बालबालिकाका क्षेत्रमा सरकारले बजेट बढाउनुपर्नेमा ध्यानाकर्षण गराउनुभयो ।

एकीकृत हातेमालो समाज नेपालका अध्यक्ष डिल्लीराम गिरीले भन्नुभयो, "बालबालिकासँग सम्बन्धित मन्त्रीले बालबालिकाका निम्ति छुट्याइएको बजेट कटौती गरेर आफ्नो निर्वाचन क्षेत्रमा लानुभएको छ, मेरो आग्रह छ, सरकरले त्यसो गर्नु हुँदैन, बरु बालबालिकाका निम्ति अझै बजेट बढाउनुपर्छ ।" परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले परिषद्ले चालु आर्थिक वर्षमै सडक बालबालिकामुक्त गर्ने उद्देश्यले तीव्ररूपमा काम गरेको बताउनुभयो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले हराएर फेलापरेका तीन हजार १०७ बालबालिकालाई परिवारमा पुनर्मिलन गराएको छ । मन्त्रालयले चालु आवको सुरुदेखि अहिलेसम्म देशभर हराएका तीन हजार ६९८ (बालक एक हजार २६ र बालिका दुई हजार ६७२) बालबालिकाको खोजतलास गरी फेलापरेका तीन हजार १०७ (बालक आठ सय ८३ र बालिका दुई हजार २२४) जनालाई परिवारमा पुनर्मिलन गराएको हो ।

बाल हेल्पलाइन नं १०९८ नेपाल सञ्चालन तथा व्यवस्थापनको सहययोगले हराएकामध्ये ८४ दशमलव ०१ बालबालिका फेलापरेको मन्त्रालयको भनाइ छ ।रासस

# अझै परिवार नियोजनका साधनमा पहुँच पुर्याउन चुनौती

काठमाण्डु । पछिल्ला समय साझेदारी ढाँचामा सञ्चालित परिवार योजना शिविरहरू प्रभावकारी देखिन थालेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखाले परिवार व्यवस्थापन सेवाअन्तर्गत विशेषगरी बृहत् स्वास्थ्य शिविर सञ्चालनमा सेवाप्रदायक संस्थाहरूसँग थप सहकार्य र साझेदारीलाई सुदृढ बनाउँदै सेवा प्रवाहलाई चुस्त बनाएको छ ।

सन्तानको रहर पुगिसकेका दम्पतीका लागि लक्षित गरेर मन्त्रालयले हरेक वर्ष निःशुल्क एकीकृत परिवार योजना शिविर सञ्चालन गर्दै आएको छ । यसबाट परिवार व्यवस्थापन सेवा प्रभावकारी भएको र बृहत् स्वास्थ्य शिविर पनि सफल रहेको मन्त्रालयको ठम्याइ छ । मन्त्रालयले परिवार व्यवस्थापनका लागि घरदैलो सेवा पनि उपलब्ध गराउँदै आएको छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जिल्ला जनस्वास्थ्य एवं स्वास्थ्य कार्यालयले पालिका तहसँग समन्वय गर्दै आफ्ना संयन्त्रमार्फत आवश्यक सेवाग्राही पहिचान गर्ने र परिवार व्यवस्थापन सेवा प्रदान गर्ने निकायले सेवाग्राहीलाई पायक पर्ने स्थानमा बन्ध्याकरण शिविर आयोजना गर्ने समझदारीका ढाँचामा सेवा प्रदान गर्दा सेवा प्रवाह प्रभावकारी भएको बताउनुभयो ।

नेपालमा लामो समयदेखि परिवार व्यवस्थापन एवं सुरक्षित गर्भपतन सेवा प्रदान गर्दै आएको एमएसआई नेपालका वरिष्ठ सल्लाहकार केपी उपाध्याय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखाले परिवार व्यवस्थापन सेवाअन्तर्गत सञ्चालन गरेको बृहत् बन्ध्याकरण शिविरको 'मोडालिटी' अत्यन्त उत्कृष्ट रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हामी जिल्ला जनस्वास्थ्य एवं स्वास्थ्य कार्यालयले पालिका तहहरूसँग समन्वय र सहकार्यमा बन्ध्याकरण शिविर सञ्चालन गर्दछौँ । यसका लागि ती निकायसँग समझदारी गर्दछौँ ।" उहाँका अनुसार समझदारीमा कुन निकायले के सेवा प्रदान गर्ने भन्ने उल्लेख गरिएका हुन्छन् । पालिका तहले आवश्यकताका आधारमा



बन्ध्याकरण शिविर सञ्चालन गर्ने, स्थान छनोट गर्ने, यसका बारेमा सेवाग्राहीलाई घरदैलोमा नै पुगेर शिविरका बारेमा जानकारी दिने र एमएसआइले साझेदारी संस्था सुनौलो परिवार नेपालका 'मेडिकल टिम' मार्फत सेवा प्रदान गर्ने अवधारणाले सेवा प्रदान भइराखेको वरिष्ठ सल्लाहकार उपाध्यायले जानकारी दिनुभयो ।

एमएसआई /सुनौलो परिवार नेपालले विसं २०८१/८२ मा सम्बन्धित पालिकासँगका सहकार्यमा सातवटै प्रदेशलाई समेट्नेगरी २८ जिल्लाका दुर्गम तीन सय स्थानमा परिवार व्यवस्थापनअन्तर्गत बन्ध्याकरण शिविर सञ्चालन गर्न सम्बन्धित स्वास्थ्य/जनस्वास्थ्य कार्यालयलाई आर्थिक एवं प्राविधिक सहयोग गरेको थियो ।

शिविरमा महिला बन्ध्याकरण (१० हजार २३६) पुरुष बन्ध्याकरण (चार सय १८), परिवार नियोजनका इम्पाल्ट (दुई सय १८) र आयुसिडी (२४) जनाले सेवा लिएका थिए । महिला बन्ध्याकरण अत्यन्त रुचाइएको छभने पुरुष बन्ध्याकरण न्यून रुचाइएको पाइन्छ । यस्ता शिविरमा ३७ ले सुरक्षित गर्भपतन सेवासमेत लिएका थिए ।

स्वास्थ्य कार्यालय बैतडीका प्रमुख तीर्थराज भट्टले पछिल्ला समय साझेदारी ढाँचामा परिवार योजना शिविर सञ्चालन हुन थालेको र यसको प्रभावकारिता देखिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "एमएसआई /सुनौलो परिवार नेपालको आर्थिक एवं प्राविविधक सहयोग यस वर्ष जिल्लाका विभिन्न स्थानमा महिलाहरूका लागि स्थायी बन्ध्याकरण 'मिनील्याप' र पुरुषहरूको स्थायी बन्ध्याकरण 'भ्याक्सेटोमी' शिविर सञ्चालन भएका थिए । यसमा सेवाग्राहीले आफूले पायक पर्ने स्थानमा विशेषज्ञ चिकित्सकसहित स्वास्थ्यकर्मीको टोलीबाट सेवा लिए । आगामी दिनमा साझेदारी ढाँचामा परिवार योजना शिविर सञ्चालन गरिने छ ।" शिविरमा परिवार नियोजनको अस्थायी साधान पाँच वर्षका लागि इम्पलान्ट र १० वर्षका लागि आइयुसिडी राखिने, सुरक्षित गर्भपतन सेवासमेत प्रदान गरिने गरिएको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालय जुम्लाका सूचना अधिकारी प्रेम सौमैले गत चैत ७ गतेदेखि १९ गतेसम्म एमएसआई/सुनौलो परिवार नेपालसँगको सहकार्यमा परिवार योजनाका शिविर सञ्चालन भएको र यस्ता शिविरमा परिवार नियोजनका सेवा लिने बढ्दै गएको र प्रभावकारिता रहेको जानकारी दिनुभयो । उहाँका अनुसार जनस्वास्थ्य कार्यालयले यस वर्ष एक सय पुरुषको स्थायी बन्ध्याकरण गर्ने लक्ष्य राखेकामा हालसम्म ९३ जनाले सेवा लिएका जनाएको छ ।

स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लाल परिवार व्यवस्थापनको सेवामा पहुँच पुर्याउन बन्ध्याकरण शिविर कार्यक्रम सञ्चालनमा नयाँ ढाँचाबाट सेवा प्रदान गर्न थालिएको जानकारी दिनुभयो । उहाँ भन्नुभयो, "यसबाट सेवाग्राहीले आफूले चाहेका सेवा पायक पर्ने स्थानमा गुणस्तरीय रूपमा पाएका छन् ।" परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखाका प्रमुख शर्मिला दाहाल पौडेलले परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदर बढाउन परिवार व्यवस्थापनका सेवालाई अझ सुदृढ बनाउन आवश्यक छ भन्नुभयो । उहाँले भन्नुभयो, "विशेषगरी बन्ध्याकरण शिविर सञ्चालनमा सेवाप्रदायक सस्थासँग थप सहकार्य र साझेदारीलाई समन्वयात्मक बनाउन जरुरी छ । हामीले स्वास्थ्य सङ्घीयतामा समन्वयात्मक ढाँचा अवलम्बन गरेका छौँ ।"

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकी २० वर्षभन्दा कम उमेरमा विवाहलाई अन्त्य, परिवार नियोजनका साधनमा पहुँच पुर्याउन, सुरक्षित गर्भपतन सेवालाई विस्तार र यौन तथा प्रजनन स्वास्थ्य चेतनामा अभिवृद्धि गर्न अझै पनि चुनौती रहेको बताउनुहुन्छ । उहाँ भन्नहुन्छ, "परिवार नियोजनका साधनमा पहुँच पुर्याउन, सुरक्षित गर्भपतन सेवालाई विस्तार गर्न संयुक्त सहकार्यलाई अझ सुदृढ बनाउन आवश्यक छ । यसका लागि मन्त्रालय सबै साझेदार निकायसँग थप सहकार्य गर्न चाहन्छ ।"

स्वास्थ्य मन्त्रालयका अनुसार नेपालका कुल ३५ प्रतिशत किशोरीको १८ वर्ष उमेर नपुग्दै र १० प्रतिशतको १५ वर्ष उमेरभित्र विवाह हुने गरेको छ । यसैगरी विवाहको कानुनी उमेर २० वर्ष भए पनि ४१ प्रतिशत महिलाको १० देखि १८ वर्षको उमेरमा र ७६ प्रतिशतको २० वर्षको उमेरमा विवाह भएको पाइन्छ । नेपालमा १५-१९ उमेर समूहका १४ प्रतिशत किशोरी आमा वा गर्भवती भइसकेका हुन्छन् ।रासस

# प्रदूषण नियन्त्रणका लागि अनुगमन बढाइने

काठमाण्डु । वातावरण विभागले प्रदूषण नियन्त्रणका लागि अनुगमन बढाउने जनाएको छ । विभागले नेपालमा विशेषगरी मङ्सिरदेखि जेठसम्म वायुप्रदूषण उच्च हुने गरेकाले प्रदूषण न्यूनीकरणका लागि सवारीसाधन तथा उद्योगको अनुगमन बढाउने जनाएको हो ।

वायुप्रदूषणको मुख्य कारण उद्योग कलकारखाना र सवारीसाधनबाट निस्कने धुवाँ, निर्माणकार्य, खुला रूपमा फोहर तथा कुहिने अवशेष जलाउनु, घरबाट निस्कने धुवाँ धुलो आदि रहेको विभागको भनाइ छ । विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वातावरणीय प्रदूषण गर्नेलाई कडाइका साथ अनुमगन तथा नियमन गरेर प्रदूषण न्यूनीकरणका तत्कालीन योजना कार्यान्वयन गर्ने जानकारी दिनुभयो ।




"लामो समयसम्म पानी नपर्दा एक साताअघि प्रदूषण बढेर आपत्कालीन अवस्थामा पुगेको थियो । अहिले वर्षासँगै एक सय १३ एक्युआइको हाराहारीमा प्रदूषण पुगेको छ । जबकि साता दिनअघि ३७० एक्युआइ नाघेको थियो", उहाँले भन्नुभयो, "वर्षाले प्रदूषणलाई राहत दिए पनि वर्षा रोकिएपछि प्रदूषण बढ्न सक्छ । नियन्त्रणका लागि हामी प्रदूषणको अवस्था उच्च हुँदामात्रै होइन बाह्रै महिना प्रयासरत रहनेछौँ ।"

विभागले वन डढेलो लगाउनु सार्वजनिक अपराध भएकाले उक्त कार्य नगर्न, घरायसी ठोस फोहर तथा प्लाष्टिकजन्य फोहर तथा कृषिजन्य अवशेषहरु नजलाउन, सवारीसाधनको नियमित मर्मतसम्भार गर्न, उद्योग कलकारखाना तथा भान्सामा स्वच्छ ऊर्जाको प्रयोग गर्न, सडक तथा निर्माणकार्यबाट उड्ने धुवाँ धुलो नियन्त्रण गर्न सुझाव दिएको छ ।रासस

# स्वास्थ्यसम्बन्धी सबै विवरण उपलब्ध हुने प्रणाली लागू गर्ने तयारी

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नागरिकको स्वास्थ्यसम्बन्धी सबै विवरण उपलब्ध हुने प्रणाली लागू गर्ने तयारी गरेको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सबै विद्युतीय चिकित्सा विवरण एउटै प्रणालीमा ल्याउन एकीकृत विद्युतीय चिकित्सा प्रणाली लागू गर्ने निर्णय गर्नुभएको थियो । त्यसलाई मद्दत पुग्ने गरी व्यक्तिका सबै स्वास्थ्य विवरण एकैठाउँमा रहनेगरी 'युनिक हेल्थ आइडी' निर्माणको तयारी थालिएको जनाइएको छ ।

बुधबार मन्त्रिस्तरीय निर्णय गर्दै उहाँले मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा सरोज शर्माको नेतृत्वमा सुझाव समिति गठन गर्ने निर्णय गर्नुभएको छ । समितिमा मन्त्रालयको नीतियोजना तथा अनुगमन महाशाखा, कानुन तथा फैसला कार्यान्वयन महाशाखा, पञ्जीकरण विभागका प्रतिनिधि रहेको मन्त्रालयले जनाएको छ ।

यसैगरी, सूचना प्रविधि परामर्शदाता इञ्जिनियर शशांकश्री न्यौपाने, स्वास्थ्य बिमा बोर्ड, विश्व स्वास्थ्य सङ्गठन तथा नेपाल उद्योग परिसङ्घका प्रतिनिधि समितिमा छन् । समितिको सदस्य सचिवमा मन्त्रालयका सूचना



प्रविधि निर्देशक रमेशराज सुवेदी हुनुहुन्छ । समितिलाई स्वास्थ्य पहिचान नम्बर सिर्जना गर्ने विधि, प्रक्रिया तथा 'अल्गोरिदम' अध्ययन गरी प्रस्ताव गर्न कार्यादिश दिइएको छ ।

राष्ट्रिय परिचयपत्र, स्वास्थ्य बिमा प्रणाली तथा सरकारबाट जारी भएका मान्यता प्राप्त परिचयपत्रसँग आवश्यक अनुसन्धान गर्न भनिएको छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार मन्त्रालयले समितिबाट प्राप्त विस्तृत सुझावसहितको प्रतिवेदन दिएपछि थप प्रक्रिया अघि बढ्नेछ ।

यसले व्यक्तिका स्वास्थ्यसम्बन्धी सबै विवरण एकत्रित हुने र उपचार तथा राज्यलाई नागरिकको स्वास्थ्य तथ्याङ्कका आधारमा कार्यक्रम, योजना तर्जुमामा मद्दत मिल्ने विज्ञहरुको भनाइ छ । समितिका सदस्य न्यौपानेले विद्यमान विद्युतीय चिकित्सा अभिलेख कार्यान्वयन र विद्युतीय माध्यमबाट सहज स्वास्थ्य सुविधा दिन नयाँ व्यवस्था लागू हुनसके मद्दत पुग्ने बताउनुभयो ।रासस


आस्था बचत तथा ऋण सहकारी संस्था लि.
Aastha Saving & Credit Co-operative Society Ltd.

प्र.का. जनकपुरधाम, धनुषा, सेवा केन्द्रः क्षिरेश्वरनाथ न.पा. ५, महेन्द्रनगर (मधेश प्रदेश) फोन नं. ०४१-५२८७६६

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

यस संस्थाको कर्मचारी प्रशासन नियमावलीमा व्यवस्था भए बमोजिम संस्थामा रिक्त पदमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली उम्मेदवारहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| विज्ञापन नं. | पद | आवश्यक संख्या |
|---|---|---|
| ०१/०८१/०८२ | कनिष्ट सहायक | ३ (महिला/पुरुष) |


न्यूनतम शैक्षिक योग्यता : कक्षा १२ उत्तीर्ण (Management Faculty)
कम्प्युटर सम्बन्धी ज्ञान : Diploma in Computer Application. (6 Months) Word, Excel, PowerPoint, Photoshop, Pagemaker, Scanning, Email Internet, Nepali & English Typing.
उमेर : २० वर्ष पुरा भै ४५ वर्ष ननाघेको
परीक्षाको किसिम : प्रयोगात्मक तथा अन्तरवार्ता
तलव सुविधाक : संस्थाको नियमानुसार
आवेदन दिने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
कामगर्नुपर्ने स्थान : प्रधान कार्यालय जनकपुरधाम, सेवा केन्द्र महेन्द्रनगर, क्षिरेश्वरनाथ न.पा. धनुषा ।
आवेदन फाराम : संस्थामा सम्पर्क गरि लिनुपर्नेछ ।

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः**

१. हस्तलिखित निवेदन
२. नागरिकताको प्रतिलिपि - १
३. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि - १
४. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो - २
५. सवारी चालक अनुमति पत्रको प्रतिलिपि - १
६. अनुभवको प्रमाणपत्रको प्रतिलिपि (भएमा)

**दुई पाङ्ग्रे सवारी चालक अनुमतिपत्र र अनुभवको प्रमाणपत्र भएको उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।**

सम्पर्क नं. ०४१-५२८७६६, aasthajnk2012@gmail.com




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# माग सम्वोधन होस

शिक्षकहरु आन्दोलनमा भएका कारण शैक्षिक क्षेत्र अस्तव्यस्त भएको छ । शिक्षकहरुले शिक्षा ऐनको माग गर्दै काठमाण्डु केन्द्रित अनिश्चितकालीन आन्दोलन जारी राखेका छन् । सरकारले शिक्षकहरुसंग विगतमा गरेको सम्झौता र सहमतिलाई वेवास्ता गरेपछि शिक्षकहरुले यसपटक सरकारले वार्ताका लागि आह्वान गरेपनि सरकारको आह्वानलाई टेरेका छैनन् । जसका कारण विद्यालय भर्नाको अभियानसंगै १२ कक्षाको परीक्षा र एसईइको उत्तर पुस्तिका परीक्षण कार्य प्रभावित भई अन्यौलको अवस्था सृजना भएको छ । विद्यालय शिक्षा ऐनको कामै नभएको भने होइन । प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा हाल विद्यालय शिक्षा विधेयक विचाराधीन छ । समितिले उपसमिति बनाएर यस विधेयकमा काम गरिरहेको दाबी समितिले गरेको देखिन्छ ।काठमाडौंका वायु प्रदूषणको स्तर संसारमै अस्वस्थकर बनेको छ । चैत १५ को राजावादीको वितण्डापछि जनमानसले पनि केही उकुसमुकुस अनुभव गरेको देखिन्छ । यस्तोमा देशभरबाट हजारौं शिक्षकले काठमाडौंमै नाराजुलुस गरिरहँदा तनाव झन् बढ्न सक्छ । पक्कै पनि विद्यालय शिक्षा ऐन संघ सरकारको प्राथमिकतामा पर्नुपर्थ्यो । शिक्षकहरूको राजनीतिक पहुँच र संगठन शक्ति बलियो नभएको भए सरकारले जसोतसो ऐन पनि बनाइसक्थ्यो होला । संसद्मा प्रस्तुत विधेयक अलमल्याउन शिक्षक महासंघ पनि जिम्मेवार त छ ।यसरी नयाँ शैक्षिक सत्र सुरु हुने बेलामा शिक्षकहरू स्वाथ्यको जोखिम बढाएर काठमाडौं बसिरहनु उचित पक्कै हुँदैन । यसै पनि शिक्षकहरू पक्कै सडकमा नारा लगाउनभन्दा कक्षा कोठामा पढाउन नै रुचाउँछन् होला । आन्दोलन सुरु गरेपछि शिक्षक महासंघको नेतृत्व पनि 'खाली हात' फर्कन तयार नहोला । यस्तै एउटा पेसागत संगठनको दबाब पर्दैमा संसद् अधिवेशन सकिनेबित्तिकै अध्यादेश जारी गर्न त मन्त्रिपरिषद्लाई पनि सजिलो र उपयुक्त देखिँदैन ।तर सबैभन्दा महत्त्वपूर्ण त विद्यार्थीहरूको पठनपाठन नै हो । पढाइ नै नहुने हो भने विद्यालयकै पो के अर्थ भयो र रु अनि विद्यालय नभएपछि शिक्षकहरू पनि चाहिएनन् । नेपाली समाजलाई यस्तै शून्य अवस्थामा पुऱ्याउने चाहना सरकार र शिक्षकहरूको त होइन होला नि ?यसैबीच शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आन्दोलनरत शिक्षकहरूलाई वार्तामा बोलाएको छ । शिक्षकहरूले पनि आन्दोलन स्थगित गरेर वार्ता गर्न जानु उचित हुनेछ ।

# बिस्का जात्रा : विक्रम संवतको नयाँ वर्षमा मनाउने हो कि नेपाल संवत् अनुसार ?



डा. बालगोपाल श्रेष्ठ

इतिहासकारहरूले भन्दै आएका छन् कि 'बिस्का जात्रा' लिच्छविकालदेखि चलिआएको को 'विश्व जात्रा'को संक्षिप्त रूप बनेको हो । 'विश्व जात्रा' शब्दको पहिलो उल्लेख भक्तपुरको तौमारी टोलस्थित भैरव मन्दिरको दक्षिणमा रहेको ढुंगाको धारामा ईसापूर्व ५६१ मा नेपाल संवत्मा लेखिएको यक्ष मल्लको शिलालेखबाट भएको मानिन्छ ।

मल्लकालमा र शाहकालको सुरुवातमा समेत 'विश्व जात्रा' भनेर चिनिने यो जात्राको नाम 'विश्व जात्रा' भनेर अब धेरैलाई थाहा पनि छैन । आजकल नेवाहरूले यसलाई 'बिस्का जात्रा' भन्छन् भने अन्य समुदायले यसलाई 'बिस्केट जात्रा' भन्ने गर्छन् । संस्कृतिविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठ विश्वयात्राबाटै बिस्का र बिस्केट जात्रा हुन पुगेको बताउनुहुन्छ । विक्रम संवत्को नयाँ वर्षको वरपर मनाइने भएकाले यस जात्रालाई केहीले विक्रम संवत्को नयाँ वर्षको पर्व पनि भन्न थालेको देखिन्छ ।

बिस्का जात्रा र विक्रम संवत्को छुट्टाछुट्टै इतिहास र मिथक छन् । सन् १९०३ मा राणा प्रधानमन्त्री चन्द्रशमशेरले विक्रम संवत्लाई सरकारी कार्यमा प्रयोगमा ल्याएका थिए । यसरी नेपालमा विक्रम संवत्लाई सरकारी संवत्का रूपमा प्रयोग गरिन थालेको शताब्दियौँ अगाडिदेखि नै नेवाहरूले बिस्का जात्रा मनाउँदै आएका छन् ।

नेपाल संवत् अनुसार मनाइने बिस्का जात्रालाई विक्रम संवत्को पर्व भनेर चिनाउन थालेको इतिहास त्यति पुरानो भने होइन । मेष संक्रान्ति भनेर चिनिने वैशाख महिनाको पहिलो दिनलाई नेवाहरूले 'खाई सल्हु' भन्ने गर्छन् ।

नेवाहरूले वैशाखको पहिलो दिनलाई नयाँ वर्षको रूपमा मनाउँछन् भन्ने कुनै ऐतिहासिक प्रमाण छैन । मेरो आफ्नै सम्झनामा, सन् १९८० को दशकको सुरुवातसम्म काठमाडौँ उपत्यकामा विक्रम संवत्को नयाँ वर्ष मनाउने खासै धेरै मानिस थिएनन् । त्यतिबेला सरकारी जागिर गर्नेहरूलाई मात्र विक्रम संवत्को नयाँ वर्षबारे केही थाहा थियो । अरूलाई विक्रम संवत्को नयाँ वर्षका बारेमा धेरै थाहा थिएन । उनीहरू विक्रम संवत्को नयाँ वर्षलाई धेरै महत्त्व दिँदैनथे पनि ।

नेपाल संवत् भनेको तिथि र मिति दुवैका आधारमा चलाउँदै आएको संवत् हो भन्ने थाहा पाएका मानिसहरू खासै नभेटिने भएकाले सबैलाई बिस्का जात्रा भनेको विक्रम संवत्को नयाँ वर्षको अवसरमा मनाइन्छ भन्ने भ्रम छ । नेपाल संवत् केवल चन्द्र पात्रो मात्र होइन, सौर्य पात्रो पनि हो भन्ने थाहा नभएकाले पनि मानिसलाई यो भ्रम भएको हो ।

आजकल मानिसहरू नेपाल संवत्लाई चन्द्रमासका आधारमा मनाइने चाडपर्वहरूमा मात्र प्रयोग गर्ने गरेको हामी पाउँछौँ । त्यसै कारण पनि नेपाल संवत् केवल चन्द्रमासमा आधारित पात्रो हो भन्ने गलत धारणा छ ।

इतिहासकार डा. श्यामसुन्दर राजवंशी तथा प्रा. काशीनाथ तमोटले नेपाल संवत् चन्द्र र सौर्य दुवै पात्रोका रूपमा प्रयोग हुने विभिन्न उदाहरण दिएका छन् । विगतमा हामीकहाँ नेपाल संवत्को पात्रो मात्र प्रयोग गरिन्थ्यो तर विभिन्न संक्रान्ति यसै पात्रो अनुसार नै मनाइन्थ्यो ।

बिस्का जात्रा र विक्रम संवत्को छुट्टाछुट्टै इतिहास र मिथक छन् । सन् १९०३ मा राणा प्रधानमन्त्री चन्द्रशमशेरले विक्रम संवत्लाई सरकारी कार्यमा प्रयोगमा ल्याएका थिए । यसरी नेपालमा विक्रम संवत्लाई सरकारी संवत्का रूपमा प्रयोग गरिन थालेको शताब्दियौँ अगाडिदेखि नै नेवाहरूले बिस्का जात्रा मनाउँदै आएका छन् ।

हामीकहाँ विक्रम संवत्को बिल्कुलै प्रयोग नभएका बेलामै विभिन्न संक्रान्तिहरू मनाइने कुराले नेपाल संवत् सौर्य महिनाका आधारमा प्रयोग गरिन्छ भन्ने स्पष्ट छ ।

इतिहासकार डा. महेशराज पन्त नेपाल संवत्ले विक्रम संवत्लाई प्रतिस्थापन गर्न सक्दैन र सरकारी काममा प्रयोग गर्न सकिँदैन भन्ने मान्यता राख्ने व्यक्तित्व हुनुहुन्छ । तथापि उहाँले पनि नेपाल संवत्, शक संवत् र विक्रम संवत्– सबै नै चन्द्र र सौर्य दुवै पात्रोमा प्रयोग गर्ने संवत् हो भन्ने स्पष्ट पार्नुभएको छ ।

अध्येता लुमिन ताम्राकारको संग्रहमा रहेको नेपालभाषाको एक थ्यासफु (हस्तलिखित ग्रन्थ)को यो अंश हेरौँ :

संवत् ९१८ चैत्र ॥ रणबहादुर राजाया प्र जा वस विश्व जात्रान ॥ विघ्न जुला ॥ संक्रांति कुन्हुं यव सि थले यवसिं तोक दुल ॥ मध्य पीठ... ... ... ।

अनुवाद : (नेपाल) सम्वत् ९१८ चैत्र ॥ रणबहादुर राजा भएको बेला विश्व जात्राका बेलामा ॥ विघ्न भयो ॥ संक्रान्तिको दिन यवसिं ढाल्ने क्रममा यवसिं टुक्रियो ॥ बीचको पीठ... ।

हस्तलिखित ग्रन्थको यो वाक्यले शाह राजा रणबहादुरको शासनकालसम्म यो जात्रालाई 'विश्वजात्रा' भनिन्थ्यो भने विक्रम संवत्को त्यहाँ कुनै निसाना थिएन भन्ने देखाउँछ । बरु यो स्पष्ट छ कि केवल 'संवत् ९१८' अर्थात् नेपाल संवत् ९१८ मात्र त्यहाँ उल्लेख गरिएको छ । लुमिन ताम्राकारको संग्रहमा रहेको यो पुस्तकमा नेपाल संवत् ७१२ देखिका बिस्का जात्रासँग सम्बन्धित सबै ऐतिहासिक घटनाको टिपोट पनि नेपाल संवत् अनुसार नै उल्लेख भएका छन् । विक्रम संवत्को उल्लेख कतै पनि छैन ।

आजकल मानिसले यस्ता ऐतिहासिक उदाहरण बिर्सिसकेकाले विक्रम संवत् नभएको खण्डमा बिस्का जात्रा वा माघे संक्रान्ति (ध्योचाकु सल्हु) जस्ता चाडपर्व कसरी मनाउने भन्न थालेको पाइन्छ । लिच्छविकाल वा मल्लकालमा पनि नेपालमा विक्रम संवत्को प्रयोग गरिँदैनथ्यो । तर भक्तपुरमा बिस्का जात्रा त लिच्छविकालदेखि नै मनाइँदै आएको हो भन्ने तथ्यलाई बिर्सिएको हुनाले नेपाल संवत्लाई सौर्य पात्रोको रूपमा प्रयोग गर्नु आत्मघाती हुनेछ भन्नेहरू समेत छन् ।

लेखक पूर्णराम मुनकर्मीले आफ्नो पुस्तक 'संवत् सन्दर्भ छ्गू दुवाला' मा मल्लकाल वा त्यसभन्दा पहिले चन्द्रमासका आधारमा चैत शुक्ल पूर्णिमाको तिथिमा बिस्का जात्रा मनाइने उल्लेख गर्नुभएको छ । मल्लकालको अभिलेखमा योसिं चैत्र शुक्ल पूर्णिमाको तिथिमा गरिएको प्रमाण उहाँले पेस गर्नुभएको छ । उहाँको अनुसन्धानले बिस्का जात्रा लिच्छविकालमा वा त्यसभन्दा पहिले किरातकालमा समेत मनाइएको हुन सक्ने देखाउनुभएको छ । उहाँले बिस्का जात्राको विक्रम संवत्सँग कुनै सम्बन्ध नभएको पनि स्पष्ट पार्नुभएको छ ।

लेखक डा. सुभासराम प्रजापतिले आफ्नो पुस्तक 'संस्कृतिभित्र'मा केही ऐतिहासिक तथ्यहरूसहित मल्लकाल या मध्यतिर बिस्का जात्रा चैत्र शुक्ल पूर्णिमाको वरपरबाट सुरु हुने गरेको बताउनुभएको छ । बिस्का जात्रा मनाउने परम्परा विक्रम संवत्को नयाँ वर्षको अवसरमा मनाइन्छ भन्ने भ्रममा पर्न नहुने पनि उहाको भनाइ छ ।

शक संवत् र विक्रम संवतमा जस्तै नेपाल संवतमा पनि १२ वटा संक्रान्ति हुन्छन् । पछि आएर नेपाल सरकारले विक्रम संवत मात्र प्रयोग गऱ्यो जसले गर्दा नेपाल संवतमा संक्रान्ति भन्ने कुनै चिज छैन भन्ने भ्रम सिर्जना भयो । चन्द्र शमशेरले विक्रम संवत् प्रयोगमा नल्याएका बेलासम्म नेपालमा विक्रम संवत् प्रयोगमा आउनुअघि प्रचलनमा रहेका शक संवत् र नेपाल संवत् दुवै पात्रोहरू सौर्य र चन्द्र महिना दुवैका रूपमा प्रयोग गरिन्थ्यो । नेपालमा विक्रम संवत्को नाम उल्लेख हुनुभन्दा पहिले नै विभिन्न संक्रान्ति मनाइँदै आएको हाम्रो इतिहास छ । त्यतिबेला नेपाल संवतलाई नै चन्द्र र सौर्य दुवै पात्रोका रूपमा प्रयोग गरिन्थ्यो ।

इतिहासकार डा. श्यामसुन्दर राजवंशीका अनुसार– लिच्छविकालमा प्रयोग हुने पात्रोलाई धेरै इतिहासकारले शक संवत भन्छन्, वास्तवमा पुरानो नेपाल संवत् वा लिच्छवि संवत हो, शक संवत् होइन । केही इतिहासकारले लिच्छविकालमा शक संवत् र पछि मानदेव संवत्को पनि प्रयोग भएको दाबी गरे पनि उहाँले लिच्छविकालमा नेपालमा शकपूर्व कार्तिकादि लिच्छवि संवत् मात्रै प्रचलनमा रहेको बताउनुभएको छ । उहाँले शक संवत् ८०१ कार्तिक शुक्ल प्रतिपदा अर्थात् लिच्छवि संवत ८०३ कार्तिक शुक्ल प्रतिपदा एवं सन् ८७९ नोभेम्बर ७ तारिखदेखि नेपाल संवत् प्रारम्भ भएको उल्लेख गर्नुभएको छ । विद्वान् किलहर्नले शक ८०१ असारमा मलमास महिना गणना नगरिएकाले नेपाल संवत् २० अक्टोबर ८७९ बाट सुरु भएको बताएका हुन्, जुन गलत हो भनेर उहाँ बताउनुहुन्छ ।

नेपालमा लिच्छविकालको इतिहासको मुख्य स्रोत धनवज्र वज्राचार्यको 'लिच्छविकालका अभिलेख' हो । यसबाहेक डा. जगदीशचन्द्र रेग्मीद्वारा लिखित 'लिच्छवी-इतिहास' नामक पुस्तकपछि प्रकाशित भएको छ । लिच्छविकालका सबै अभिलेख धनवज्र वज्राचार्यको पुस्तक 'लिच्छविकालका अभिलेख'मा संकलन गरिएका छन् । उनले यस पुस्तकमा संकलन गरिएका सबै अभिलेखलाई अपवादविना शक संवत्का रूपमा लिएका छन् । व्याख्या र विश्लेषणमा उनले संशोधन मण्डलको विक्रम संवत्लाई शक संवत्को बराबर लेख्ने परम्परालाई स्वीकार गरेका छन् । उनले लिच्छविकालको कुनै पनि अभिलेखमा विक्रम संवत् लेखिएको कुरा भनेका छैनन् ।

डा. जगदीशचन्द्र रेग्मीले आफ्नो पुस्तक 'लिच्छवि इतिहास'मा सबै वर्षहरूलाई शक संवत्का रूपमा लिएका छन् । उनले आफ्ना सबै पुस्तकमा शक संवत् बराबर ईश्वी संवत मात्र उल्लेख गरेर विक्रम संवत्को उल्लेख कतै नगरी त्यसको अनौचित्यलाई साबित गरेका छन् ।

ईश्वी संवत् १९०३ मा चन्द्रशमशेरको समयदेखि सरकारले हामीलाई विक्रम संवत् प्रयोग गर्न बाध्य पारेको हुनाले मात्रै हाम्रा लागि यो अपरिहार्य संवत्जस्तो बनेको हो भन्ने कुरा हामीले बुझ्नुपर्छ । केही मानिस तर्क गर्छन् कि हामीलाई विक्रम संवत् व्यवहारमा प्रयोग गर्न जति सजिलो छ, नेपाल संवत् प्रयोग गर्न त्यति सजिलो छैन । व्यवहारमा सजिलो र कठिनाइ भन्ने प्रयोगमा निर्भर हुने कुरा हो । मानिसहरूले आफूले जे गरिरहेका छन् ती मात्रै व्यावहारिक हुन् र जुन गर्दैनन् ती सबै अव्यावहारिक हुन् भन्ने सोच्छन् । सरकारले विक्रम संवतलाई जस्तै नेपाल संवत्लाई पनि प्रयोग गर्न बाध्य पाऱ्यो भने सबैले नेपाल संवत्लाई अपरिहार्य र व्यावहारिक पात्रोका रूपमा सजिलै प्रयोग गर्नेछन् भन्ने हामीले हेक्का राख्नुपर्छ ।

नेपालको सबैभन्दा पुरानो लिखित इतिहास मानिने गोपालराज वंशावलीमा रेकर्ड गरिएका ऐतिहासिक घटनाहरूमा विक्रम संवत्को उल्लेख कतै छैन, केवल नेपाल संवत्को उल्लेख छ । काठमाडौँ उपत्यकामा मल्लकालमा विक्रम संवत्को उल्लेख गरिएको पहिलो अभिलेख हो, पाटन लुंहितीको अभिलेख, जहाँ १४६१ विक्रम संवत् उल्लेख छ । जुन अभिलेखमा नेपाल संवत् ५२४ र शक संवत् १३२६ पनि सँगै लेखिएका छन् । मल्लकालमा आकलझुकल विक्रम संवत्को उल्लेख भए पनि जनस्तरमा यो संवत् प्रचलित थियो भन्ने कुनै प्रमाण छैन ।

पछिल्ला शाह शासकहरूले आफ्नो नाममा 'विक्रम' शब्द थपेको बाहेक विक्रम संवत्सँगै आएको 'विक्रम' शब्दको नेपालसँग कुनै सम्बन्ध नरहेको कुरा इतिहासकार बाबुराम आचार्य बताउनुहुन्छ । उनले विक्रम विशेषणको कुनै अर्थ नभएको र विक्रम संवत्लाई 'अवैज्ञानिक' र विक्रमादित्यलाई अस्तित्वमा नदेखिएको केवल एक दन्त्यकथाको पात्र भएको उल्लेख गरेका छन् । विक्रम संवत्को दन्त्यकथा भारतबाट नेपाल आइपुगेको कुरा उहाँले यसरी बताउनुभएको छ :

हाम्रो राष्ट्रिय संवत्मा विशेषण जोडिएको विक्रम शब्द सार्थक देखिन्न । यो संवत् उज्जयिनीका राजा विक्रमादित्यले चलाएका हुन् भन्ने दन्त्यकथा १२०० वर्ष पहिलेदेखि भारतमा चल्दै आएको छ र यस देशमा पनि त्यो दन्त्यकथा आइपुगेको छ । जुन समय (इसापर्व ५८ वर्ष) मा यो संवत् उठान भएको थियो, यस समयमा अवन्ति देशको राजधानी उज्जयिनीमा राजा विक्रमादित्यको अस्तित्व देखिँदैन । वास्तवमा यस संवत्को उठान राजपुतानामा आवाद भएका मालवगणले गरेका हुन् भन्ने कुरा त्यहाँ पाइएका शिलालेखबाट प्रमाणित भइसकेको छ (श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, पहिलो भाग, विसं २०२४, पेज ३-४) ।

भारतमा उत्पन्न भएको र भारत सरकारले समेत आफ्ना सरकारी कार्यहरूमा प्रयोग गर्न छाडेको विक्रम संवत् नेपालको पहिचानसँग सम्बन्धित रहेको तर्क गर्ने दीर्घराज प्रसाईंजस्ता थुप्रै विक्रम संवत्का भक्तहरू पनि नेपालमा छन् । तर कुनै पनि देशभक्त नेपाली यस्ता मनगढन्ते कुराको पछाडि लाग्नु उचित होइन । देशभक्त नेपालीका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको नेपाल देशकै नामसँग जोडिएको नेपालको मौलिक पहिचान बोकेको नेपाल संवत्को सर्वत्र प्रयोग नै आजको आवश्यकता हो ।रातोपाटी

> भारतमा उत्पन्न भएको र भारत सरकारले समेत आफ्ना सरकारी कार्यहरुमा प्रयोग गर्न छाडेको विक्रम संवत् नेपालको पहिचानसँग सम्बन्धित रहेको तर्क गर्ने दीर्घराज प्रसाईंजस्ता थुप्रै विक्रम संवत्का भक्तहरु पनि नेपालमा छन् । तर कुनै पनि देशभक्त नेपाली यस्ता मनगढन्ते कुराको पछाडि लाग्नु उचित होइन । देशभक्त नेपालीका लागि सबैभन्दा महत्वपूर्ण कुरा भनेको नेपाल देशकै नामसँग जोडिएको नेपालको मौलिक पहिचान बोकेको नेपाल संवत्को सर्वत्र प्रयोग नै आजको आवश्यकता हो ।

# आगामी बजेटका चुनौती



हरि गौतम

आगामी आ.व. ०८२/८३ को बजेट निर्माणका लागि तीव्र बहस भइरहेको छ । यसैबिच उच्चस्तरीय आर्थिक सुधार आयोगले गत चैत २९ गते अर्थमन्त्री विष्णुप्रसाद पौडेलसमक्ष आफ्नो ४४७ पन्ने सुझाव पेस गरिसकेको छ । अर्थ मन्त्रालयले विभिन्न मन्त्रालय, उद्योग वाणिज्य सङ्घसहित सरोकारवाला निकायसँगको छलफल तीव्र बनाएको छ । राष्ट्रिय योजना आयोगले आगामी वर्षका लागि १९ खर्ब ६५ अर्ब रूपैयाँको बजेट सिलिङ अर्थ मन्त्रालयलाई दिइसकेको छ । आगामी वर्षको सरकारको नीति एवं कार्यक्रममाथिको छलफल अगाडि बढाउन, राष्ट्रपतिबाट संसद्मा सम्बोधन गर्न र बजेट पारित गर्न यही वैशाखको दोस्रो साता संसद् बोलाउन सरकारलाई बाध्यता छ ।

आगामी बजेट निर्माणमा के-कस्ता चुनौती छन् र स्रोत व्यवस्थापन, खर्च व्यवस्थापनमा के-कस्ता अपनाउनुपर्ने देखिन्छ ? यसबारे चर्चा गरौँ । योजना आयोगका अनुसार आगामी बजेटको सिलिङ १९ खर्ब ६५ अर्ब छ । आयोगले सरकारलाई यो सिलिङ तोक्दा कुनै वैज्ञानिक आधार र सिद्धान्त अवलम्बन गरेको छैन । हचुवाका भरमा सिलिङ तोकेको छ । अर्थात् यस वर्ष सरकारको १८ खर्ब ५० अर्ब बजेट रहेकामा लक्ष्य अनुसार राजस्व नउठ्ने, वैदेशिक ऋण एवं सहायता प्राप्त नहुने र पुँजीगत खर्च हुन नसक्ने भएकाले सरकारले वर्षको मध्यमा स्वीकृत बजेटको आकार करिब १ खर्ब ६८ अर्ब घटाएको छ । आगामी असारसम्म घटाएको लक्ष्यको करिब ८०-८५ प्रतिशत मात्रै राजस्व उठ्ने सम्भावना छ । विकास खर्च यो नौ महिनामा लक्ष्यको २८ प्रतिशतमा खुम्चिएको छ । यस्तो अवस्थामा यस वर्षभन्दा आगामी वर्ष करिब ३० प्रतिशत राजस्व उठ्छ, खर्च हुन्छ भन्नु हास्यास्पद हुन्छ ।

योजना आयोगले यस्तै हास्यास्पद काम गरेको छ । अब आगामी आर्थिक वर्षको राजस्व उठ्ती, वैदेशिक ऋण एवं वैदेशिक अवस्थाका बारेमा विवेचना गरौँ ।

यस वर्ष सरकारले कुल १२ खर्ब ५० अर्ब आन्तरिक राजस्व उठ्ने लक्ष्य राखेको थियो तर आर्थिक वर्षभरिमा कुल ११ खर्ब पुग्न पनि कठिन देखिएको छ । गत वर्षको भन्दा यस वर्ष मुलुकको आर्थिक अवस्थामा खासै सुधार भएको छैन । उद्योग-धन्दा फस्टाएका छैनन् । समग्र औद्योगिक वातावरण सुध्रिएको छैन । उद्योगमा विद्युत्को अभाव छ । आयात खास बढेको छैन । पाम आयल, भटमासको तेलजस्तो नक्कली निर्यातले अर्थतन्त्र सुध्रने अवस्था पनि छैन । उद्योगी व्यवसायीको मनोबल खस्केको छ । तसर्थ यस वर्ष पनि ११ खर्बभन्दा बढी राजस्व उठ्ने सम्भावना छैन ।यसर्थ सरकारले यस वर्ष आन्तरिक राजस्वबाट उठाउने लक्ष्य लिएको राजस्व उठ्नेछैन ।

वैदेशिक ऋणतर्फ पनि लक्ष्यको ज्यादै न्यून प्रतिशत प्राप्त भएको छ । यस वर्ष पनि त्यसमा खासै सुधार छैन । वैदेशिक सहायतातर्फ त अझ स्थिति सङ्कटोन्मुख छ । विगत केही वर्षदेखि नै वैदेशिक सहायता लक्ष्यको १० प्रतिशत भन्दा बढी प्राप्त नहुने अवस्था थियो, यस वर्ष पनि त्यस्तै छ । पुनः संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपति निर्वाचित भएपछि उनले लिएको वैदेशिक सहायता कटौतीको दबाब संसारका अन्य दाता मुलुकमाथि पनि पर्दै छ र नेपाललाई पनि यो निर्णयको ठुलो असर परेको छ । हाम्रा अर्बौंका वैदेशिक सहायताका आयोजना खारेज भएका छन् र भविष्यमा यो क्रम अझ बढ्ने अवस्था छ । अर्कोतिर हामीकहाँ भ्रष्टाचार बढ्दो छ । सुशासनको कमी, सरकारी खर्चको अपारदर्शिताले गर्दा नेपाललाई किन सहायता गर्ने भन्ने प्रश्न उठ्दै छ । बजेट निर्माणमा वैदेशिक सहायता प्राप्त गर्नु पनि चुनौतीपूर्ण हुँदै गइरहेको छ ।

अब वित्तीय व्यवस्थापनको अवस्थातर्फ विवेचना गरौँ । हाम्रो मुलुकमा अहिले वित्तीय व्यवस्थापन चुनौतीपूर्ण अवस्थामा छ । एकातिर हाम्रो आन्तरिक राजस्व करिब ११ खर्ब उठ्छ, वैदेशिक ऋण र वैदेशिक सहायता घट्दै गएको छ भने अर्कोतिर वित्तीय व्यवस्थापन खर्च बढ्दै छ । वर्ष ०८२/८३ मा हामीले करिब चार खर्ब रूपैयाँ वित्तीय व्यवस्थापनमा खर्च गर्नुपर्ने हुन्छ । कुल आन्तरिक राजस्व ११ खर्बमा चार खर्ब घटाउँदा हुने सात खर्ब रकम सरकारको हातमा हुन्छ । हाम्रो चालु खर्च नै आगामी आर्थिक वर्षमा १३ खर्बभन्दा माथि हुन्छ । यहाँसम्म आइपुग्दा नै राजस्व उठ्तीको तुलनामा हामी करिब ६ खर्ब बजेट घाटामा हुनेछौँ । अब हामीलाई साधारण खर्च धान्न, कर्मचारीलाई तलब खुवाउन, पेन्सन दिन र ज्येष्ठ नागरिक भत्ता दिनै करिब एक खर्ब रूपैयाँ ऋण लिनुपर्ने अवस्थामा आउने भयो । यो ऋणको ठुलो अंश आन्तरिक ऋण हुनेछ । जसको ब्याजदर महँगो पर्छ । हाम्रो राजस्वको स्रोतहरू घट्दो अवस्थामा छन् । राजस्वको दर बढाउने ठाउँ छैन । राजस्व दर बढाए १७ सय खुला सीमाबाट अवैध रूपबाट सामान भित्रिन्छ । उसै त अहिले नै यो समस्या जटिल हुँदै गइरहेको छ । पुनः पुरानत राजस्वका स्रोत (जस्तै : पेट्रोल-डिजेलका गाडी आयात, पेट्रोलियम पदार्थको आयात, इलेक्ट्रिक गाडी आयात) का कारणबाट घट्दै गई उल्लेखनीय राजस्व कमी भएको छ । सरकार सधैँ तदर्थवाद र टालटुले नीतिमा चलेको छ । राजस्वको दर होइन, दायरा बढाउन सरकारले कुनै गम्भीर गृहकार्य गरेको छैन । यस्तो अवस्थामा मुलुक कतै आर्थिक अराजकता तर्फ जाने हो कि भन्ने व्यापक आंशका छ । आगामी वर्षको बजेट निर्माणमा सरकारको यो मुख्य चुनौती हो ।

अब खर्चतर्फ विचार गरौँ । हामी लामो समयसम्म संक्रमणकालमा रह्यौँ । माओवादी द्वन्द्व, ०६२/६३ को जनआन्दोलन, संविधान निर्माण र संविधान निर्माणपछिका नौ वर्षसम्म हामी राजनीतिक अस्थिरतामै रह्यौँ, राजनीतिक अस्थिरताका कारण हामीले कहिल्यै पनि आर्थिक विकासलाई प्राथमिकता दिएनौँ । अन्धाधुन्ध साधारण खर्च बढाउँदै लग्यौँ, पुँजीगत खर्च घटाउँदै गयौँ । यस्तो अवस्थामा सैनिक सङ्ख्या दोब्बरभन्दा बढी बनायौँ, करिब ४० हजारको छुट्टै सशस्त्र प्रहरी बलको स्थापना गऱ्यौँ । स्रोतको ख्याल नै नगरी ज्येष्ठ नागरिक भत्ता पनि बाँड्यौँ । दीर्घकालीन आयोजना सञ्चालन गरेनौँ । राजनीतिक दलहरूले जसको सरकार भए पनि वितरणमुखी अर्थतन्त्र अवलम्बन गरे । यस्तै प्रक्रियामा होडबाजी भयो । फलतः हाम्रो चालु खर्च अत्यधिक बढ्यो । त्यसको तुलनामा राजस्व उठेन । चालु खर्च बढी गर्नलाई पनि बढी आम्दानी देखाउनुपऱ्यो अनि हामी वास्तविक आम्दानीभन्दा हचुवाका भरमा आम्दानी देखाउन थाल्यौँ ।

वर्ष ०८२/८३ मा हामीले करिब चार खर्ब रूपैयाँ वित्तीय व्यवस्थापनमा खर्च गर्नुपर्ने हुन्छ । कुल आन्तरिक राजस्व ११ खर्बमा चार खर्ब घटाउँदा हुने सात खर्ब रकम सरकारको हातमा हुन्छ ।

वैदेशिक ऋण, वैदेशिक सहायता एवं आन्तरिक ऋण हचुवामा देखायौँ । चालु खर्च घटाउनतर्फ लागेनौँ । पारदर्शी खर्च सिस्टम अवलम्बन गरेनौँ, सुशासन कायम गरेनौँ, भ्रष्टाचार घटाउने प्रयत्न गरेनौँ । अवैज्ञानिक पेन्सन पद्धति अपनायौँ । यो अवधिमा दैनिक १८ घण्टा लोडसेडिङ भयो । फलतः विगत पाँच वर्षमा चालु खर्च दोब्बरभन्दा बढी बढ्यो तर त्यति राजस्व उठेन । बजेट निर्माणको मूल चुनौती यही हो ।

अब के गर्ने ?

मुलुकलाई दीर्घकालीन आर्थिक अराजकतामा नलैजाने हो भने यस वर्षदेखि सरकारले बजेट बनाउँदा निमर्मतापूर्वक चालु खर्च कटौती गर्नैपर्छ । पुँजीगत खर्च आगामी पाँच वर्षसम्म सम्पूर्ण बजेटको ५० प्रतिशतसम्म पुऱ्याउनुपर्छ । सुशासन कायम र भ्रष्टाचार न्यूनीकरण गरिनुपर्छ । सैनिक, प्रहरी, कर्मचारी प्रशासन, सार्वजनिक संस्थान लगायत संरचनालाई छिटो-छरितो गरिनुपर्छ । ज्येष्ठ नागरिक भत्ता हुँदा खानेलाई मात्र दिनुपर्छ, हुने खानेलाई होइन । निजी क्षेत्रले सामाजिक सुरक्षा कोष अवलम्बन गरेको नीति अनुसार ६० वर्ष नपुगी कसैलाई पनि पेन्सन दिनु हुँदैन । यति गरिसकेपछि आम मानिसले सरकारले केही गर्दै छ भनी विश्वास गर्छन् र मुलुकमा विश्वासको वातावरण सिर्जना हुन्छ ।

हाम्रो पुँजीगत खर्च अत्यन्त कमजोर छ । गत वर्ष कुल बजेटको १७ प्रतिशत पुँजीगत खर्च छुट्ट्याएकामा यसको ५६ प्रतिशत मात्र खर्च भयो । सो खर्चमा पनि करिब आधा खर्च असारे विकासमा गयो । पुँजीगत खर्चमा पनि हामीले गुणस्तरीय र तत्काल प्रतिफल प्राप्त गर्ने आयोजना सञ्चालन गर्न सकेका छैनौँ । एक मन्त्रीको लहडका भरमा किन पोखरामा अन्तर्राष्ट्रिय एयरपोर्ट बनाउनुपऱ्यो ? निजगढमा अन्तर्राष्ट्रिय एयरपोर्ट नबनाएर किन भैरहवामा बनाउनुपऱ्यो ? किन चोभारमा सुक्खा बन्दरगाह बनाउनुपऱ्यो ? सेजका नाममा सिमरामा अर्बौंको संरचना किन चाहियो ? किन अधुरो पूर्व-पश्चिम रेलमार्गमा खर्च गर्ने ? किन राष्ट्रिय प्राथमिकता प्राप्त घोषणा भएका दर्जनौँ आयोजना पूरा हुँदैनन् ? किन हरेक आयोजनामा ठुलो भ्रष्टाचारका आरोप लाग्छन् ? पुँजीगत खर्च गर्दा प्रतिफल दिने आयोजना किन छाडिँदैनन् ? विकास प्रशासन अस्थिर छ । त्यसको मूल्यांकन छैन । धेरै अनुत्तरित प्रश्नहरूको जवाफ यस वर्षको बजेट निर्माणमा दिनुपर्नेछ ।रातोपाटी

# प्रधानमन्त्रीसमक्ष एमालेद्वारा सुझाव पेस



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटका लागि नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आज विषयगत सुझावहरू बुझाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार एमालेका महासचिव शङ्कर पोखरेलसहितका नेताहरूले प्रधानमन्त्री एवं पार्टी अध्यक्ष ओलीलाई उक्त सुझावपत्र हस्तान्तरण गर्नुभएको हो ।

एमालेले प्रधानमन्त्रीमा ओली नियुक्त भएपछि यस प्रकारको सुझाव दिए पनि त्यसबेला अघिल्लो सरकाबाट नीति तथा कार्यक्रम र बजेट प्रस्तुत भइसकेकाले ती सुझाव समावेश हुन नसकेको सन्दर्भमा ताजगीकरणसहित पुनः सुझावपत्र दिइएको महासचिव पोखरेलले अवगत गराउनुभयो ।

उहाँले एमालेले मध्यपहाडी (पुष्पलाल) लोकमार्ग केन्द्रित सङ्कल्प यात्राका आधारमा अघिल्लो सरकारलाई दिएका सुझाव पनि कार्यान्वयनका आउन बाँकी रहेकाले सोको कार्यान्वयनका लागि प्रधानमन्त्रीसँग आग्रह गर्नुभयो ।

प्रधानमन्त्री ओलीले विकासका लागि 'भिजनरी' सोच भएको एमालेजस्तो पार्टीले केन्द्रीय विभागहरूको रायका आधारमा दिइएका सुझाव सरकारको नीति तथा कार्यक्रम र बजेट तर्जुमाका लागि उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।रासस

# 'विद्यालय शिक्षा विधेयकका शिक्षक माग सम्बोधन हुनेगरी ल्याइने'

काठमाण्डु । 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' यथाशीघ्र जारी गर्नुपर्ने माग राख्दै १३ दिनदेखि मुलुकका विभिन्न स्थनका शिक्षकहरूले काठमाडौँमा प्रदर्शन गरिरहेका छन् ।

नेपाल शिक्षक महासङ्घको नेतृत्वमा शिक्षकहरूले गत चैत २० गतेदेखि बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म माइतीघरबाट नयाँ बानेश्वरसम्म प्रदर्शन गरिरहेका छन् ।

यसैबीच, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विधेयकलाई यथाशीघ्र ल्याउन छलफलसहित आवश्यक तयारी भइरहेको समितिकी सदस्य दीपा शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार विधेयकमा शिक्षकका मागलाई सम्बोधन हुनेगरी सहमतिको विषयलाई छिटो टुङ्ग्याउन उपसमिति गठन भएर काम भइरहेको छ ।

"शिक्षकका मागलाई सम्बोधन हुनेगरी उपसमितिले काम गरिरहेको छ", शर्माले भन्नुभयो, "संसद्को आगामी अधिवेशनमा विधेयकलाई पेस गर्ने तयारी समितिले गरिरहेको छ ।" उहाँका अनुसार समितिका सदस्य छविलाल विश्वकर्माको संयोजकत्वमा गठित उपसमितिले शिक्षकसँग यसअघि गरिएका सम्झौताअनुसार विधेयकको मस्यौदालाई अन्तिम रूप दिने काम गरिरहेको छ ।

विधेयकले शिक्षकको दरबन्दी स्थानीय तहलाई हस्तान्तरणको प्रस्ताव गरेको छ । तर शिक्षकहरूले भने शिक्षक छनोट सङ्घीय सरकार मातहत रहेको शिक्षक सेवा आयोगले गर्ने भएकेले शिक्षक नियुक्ति पनि सङ्घीय सरकारले नै गर्नुपर्ने माग राखेर प्रदर्शन गरिरहेका छन् ।




यस्तै विधेयकमा शिक्षकको सरुवा एक स्थानीय तहबाट अर्को स्थानीय तहले गर्ने उल्लेख गरिएकामा शिक्षकले शिक्षकलाई सङ्घअन्तर्गत राख्नुपर्ने बताउँदै आएका छन् । विधेयकमा विद्यालयको स्थापना र सञ्चालनको अनुमति राष्ट्रिय मापदण्डको आधारमा स्थानीय तहबाट हुने, विद्यालयमा आधारभूत र माध्यमिक तह रहने, राष्ट्रिय पाठ्यक्रम प्रारूपका आधारमा पठनपाठन र परीक्षा सञ्चालन गर्नेलगायत व्यवस्था गरिएको छ ।

यस्तै, नियुक्ति, सरुवा र अवकाशका विषय स्थानीय तहले हेर्ने, शिक्षक तथा कर्मचारीले कार्यरत रहँदा र अवकाशपछि पाउने सुविधा सुनिश्चित गर्ने, हाल कार्यरत राहत शिक्षक अनुदान कोटा, विशेष शिक्षक अनुदान कोटा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा दरबन्दीमा परिणत हुने, विद्यालय तथा शिक्षकको अभिलेख राष्ट्रिय किताबखानामा रहने व्यवस्था गरिएको छ ।

विधेयकमा विद्यालयका माध्यामिक र आधारभूत तहका साधारण तथा विषयगततर्फका शिक्षकलाई प्रथम, द्धितिय र तृतीय श्रेणीमा विभाजन गरिने तथा यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका तह र श्रेणीका शिक्षक यसै ऐन बमोजिम समान तह र श्रेणी कायम हुने व्यवस्था गरिएको छ ।

यस्तै शिक्षकले राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिन राजनीतिक गतिविधिमा भाग लिन, राजनीतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत वा चन्दा माग्न वा कुनै प्रकारको राजनीतिक क्रियाकलाप संलग्न नहुने व्यवस्था विधेयकमा गरिएको छ । साथै सार्वजनिक विद्यालयका शिक्षकका लागि विद्यालय शिक्षक सेवाको गठन गरिने उल्लेख छ ।

समितिका सदस्य महिन्द्र राय यादवले शिक्षकसँग विगतमा गरिएका सम्झौताअनुसार उपसमितिले विधेयकको काम गरिरहेको बताउनुभयो । "शिक्षकको माग करिबकरिब सम्बोधन हुनेगरी हामीले विधेयक बनाइरहेका छौँ", उहाँले भन्नुभयो, "उपसमितिले बनाएको विधेयकलाई समितिमा छलफल गरी पास गरेर संसद्मा पेस गर्न तयार गर्दछौँ ।"

समिति सदस्य यादवले शिक्षकलाई सङ्घअन्तर्गत राख्ने विषयमा भने केही समस्या रहेको बताउनुभयो । "संविधानले नै आधारभूत र माध्यामिक शिक्षालाई स्थानीय तहको अधिकारमा राखेको छ", उहाँले भन्नुभयो, "तर शिक्षकको माग आधारभूत र माध्यामिक तहको शिक्षालाई सङ्घअन्तर्गत राख्नुपर्ने माग छ । त्यो माग तत्काल पूरा गर्न सक्ने सम्भव छैन । त्यसका लागि संविधान नै संशोधन गर्नुपर्दछ ।"

नेपालको संविधान २०७२ को अनुसूचि ८ मा स्थानीय तहको अधिकार अन्तर्गत आधारभूत र माध्यामिक तहको शिक्षालाई राखिएको छ । मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले हाल विद्यार्थी भर्नाको समय, एसइईको उत्तरपुस्तिका परीक्षणर कक्षा १२ को राष्ट्रिय परीषाको समय भइरहेकाले प्रदर्शनका कार्यक्रम स्थगन गरी कार्यथलोमा फर्कन सम्पूर्ण शिक्षकलाई आग्रह गरेको हो ।

सङ्घीय संसद्मा विचाराधीन विद्यालय शिक्षा विधेयक यथाशीघ्र पारित गर्ने प्रयोजनका लागि सरकारले संसद्को अधिवेशन यही वैशाख १२ गते आह्वान गरिसकेको छ ।रासस

# 'प्रजातान्त्रिक आन्दोलनमा न्यौपानेको योगदान महत्त्वपूर्ण'

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा गोरखाली नेता चन्द्रप्रसाद न्यौपानेको महत्त्वपूर्ण योगदान रहेको बताउनुभएको छ ।

जिल्ला विकास समिति गोरखाका पूर्वसभापति न्यौपानेको पहिलो स्मृति दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा उहाँले पार्टीको नीति, विचार र सिद्धान्तप्रति प्रतिबद्ध रहँदै दिवङ्गत न्यौपानेले लोकतान्त्रिक आन्दोलनमा दिनुभएको योगदान अनुकरणीय रहेको बताउनुभयो ।




"प्रजातन्त्र पुनःस्थापना, लोकतान्त्रको सबलीकरणका लागि नेपाली कांग्रेस पार्टीले आह्वान गरेको सत्याग्रह र जनआन्दोलनमा सक्रियरुपले सहभागी हुनुभएका न्यौपानेले पटकपटक जेल जीवन विताउनुभयो", सभापति देउवाले भन्नुभयो, "पञ्चायको कठिन घडीमा पनि पार्टीको नीति, विचार र सिद्धान्तप्रति प्रतिबद्ध रहँदै जिल्लाको विकास निर्माण, स्वास्थ्य र शिक्षा क्षेत्रमा उल्लेख्य योगदान दिनुभयो ।"

सभापति देउवाले पार्टी प्रतिबन्धित रहेको अवस्थामा २०२४ सालमै पार्टी जिल्ला कार्यसमिति सदस्य रहनुभएका न्यौपानेले प्रजातन्त्र पुनःस्थापनापछि लामो समयसम्म महासमिति सदस्यसहित विभिन्न भूमिकामा रहनुभएको स्मरण गर्नुभयो ।

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले आफ्नो राजनीतिक यात्राको सुरुआत न्यौपानेबाटै भएको स्मरण गर्दै सिद्धान्तप्रतिको निष्ठा, नैतिकता र सदाचार उहाँबाट अनुशरण गर्न लायक रहेको बताउनुभयो ।

कांग्रेस नेता एवं गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले न्यौपानेको निष्ठा, त्याग र सिद्धान्तप्रतिको प्रतिबद्धता सदैव प्रशंसनीय रहेको बताउनुभयो । नेत्री एवं राष्ट्रियसभा सदस्य कमला पन्तले पछिल्लो समय पार्टीमा निष्ठा कमजोर हुँदै गएकामा चिन्ता व्यक्त गर्दै देश र जनताप्रतिको सेवाभाव र विश्वास न्यौपनेबाट सिक्नुपर्ने बताउनुभयो ।

कांग्रेस गण्डकी प्रदेशका महामन्त्री एवं राष्ट्रियसभा सदस्य किरणबाबु पुनले जलिट राजनीतिक परिस्थितिमा आफ्नो जीवनको बाजी लगाएर न्यौपानेले अघि बढाउनुभएको राजनीतिक यात्रा अविस्मरणीय रहेको बताउनुभयो । नेता डा मिनेन्द्र रिजालले पञ्चायतको कठिन र जटिल अवस्थामा जनतासँग जोडिएर न्यौपानेले प्रजातन्त्र र लोकतान्त्रका निम्ति आफूलाई समर्पित गर्नुभएको बताउनुभयो ।

कार्यक्रममा कांग्रेस नेता चीनकाजी श्रेष्ठ र नन्दलाल न्यौपानेलगायतले दिवङ्गत न्यौपानेको राजनीतिक जीवनको चर्चा गर्दै उहाँको विचार र भावना अनुशरण गर्न सकेमात्रै सञ्चा श्रद्धाञ्जली हुने बताउनुभयो ।

सो अवसरमा सभापति देउवाले 'चन्द्रप्रसाद न्यौपाने स्मृति ग्रन्थ' लोकार्पण गर्नुभएको थियो । सो ग्रन्धमा विसं २०१४ देखि राजनीतिक यात्रा आरम्भ गर्नुभएका न्यौपानेसम्बन्धी ४७ वटा संस्मरणात्मक लेखरचना समावेश छन् ।रासस

# तराई-मधेस जागरण अभियान पुनः सुरू



नवलपरासी । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले हुलाकी मार्ग केन्द्रित तराई-मधेस जागरण अभियानलाई निरन्तरता दिएको छ । अभियानअन्तर्गत बुधबार पश्चिम नवलपरासीका विभिन्न स्थानमा कार्यक्रम भएका छन् ।

अभियानमा सहभागीले बुधबार बिहान छ किलोमिटर 'मर्निङवाक' गरेका पश्चिम नवलपरासी वाइसिएलका जिल्ला अध्यक्ष मोहन सापकोटाले जानकारी दिनुभयो । अभियानका क्रममा पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बर्दघाट-४ बजारबाट ' मर्निङवाक' गर्दै बर्दघाट-१४ स्थित सहिद स्मृति समुदायिक अस्पताल चौपतको प्राङ्गणमा रहेको सहिद सूर्यविक्रम थापाको सालिकमा माल्यार्पण गर्नुभएको प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य नारायण भण्डारीले बताउनुभयो ।

उहाँका अनुसार अभियानका क्रममा अध्यक्ष दाहालले सहिद परिवार, शुभेच्छुकलगायत व्यक्तिसँग भेटघाट र छलफल गर्नुभएको थियो । विनयी त्रिवेणी-६ त्रिवेणीधाम, अवलोकन गरी यहाँका स्थानीयसँग समसामयिक विषयमा छलफल गर्नुभएको सापकोटाले उल्लेख गर्नुभयो । पाल्हीनन्दन गाउँपालिका-५ राधाकृष्ण माध्यमिक विद्यालयको प्राङ्गणमा जनतासँग जनसभा कार्यक्रम गर्नुका साथै जिल्ला सदरमुकाम परासीलगायत ठाउँमा पनि कार्यक्रम गर्ने तयारी भएको छ ।

नवलपुरको गैँडाकोटबाट पुनः सुरू भएको अभियान आज पश्चिम नवलपरासीका विभिन्न स्थानमा आयोजना भएको छ । जनतासँग माओवादी तराई-मधेस जागरण अभियानलाई निरन्तरता दिँदै जनताका समस्या बुझ्ने र समाधानका लागि आवश्यक पलह गर्ने नेकपा मओवादी केन्द्रले जनाएको हो ।रासस

# प्रधानमन्त्रीसमक्ष माओवादी केन्द्रको ध्यानाकर्षण

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नेकपा (माओवादी केन्द्र) को वन, वातावरण तथा जलवायु विभागले आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौँमा हुने सगरमाथा संवाद तय भएकामा स्वागत गर्दै कार्यक्रमहरू सहमतीय आधारमा साझा अवधारणा तयार गर्न ध्यानाकर्षण गराएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा प्रधानमन्त्री एवं उक्त संवाद कार्यक्रमको निर्देशक समितिका अध्यक्ष ओलीलाई भेटेर माओवादी केन्द्रको सो विभागका प्रमुख माधव सापकोटासहितको टोलीले यस कार्यक्रमका लागि विगतमा भएका प्रयाससमेतलाई आधार मानेर साझा अवधारणा ल्याउन आग्रह गरेको हो ।

प्रधानमन्त्री ओलीले सबै राजनीतिक दल र पक्षले विचार भन्दामाथि उठेर यसलाई सफल बनाउनुपर्नेमा जोड दिँदै यस्ता राष्ट्रिय महत्त्वका कार्यक्रममा सरकारमा भएका पार्टीको मात्रै पक्षधरता हुने कुनै सम्भावना नरहेको स्पष्ट गर्नुभयो । उहाँले यसलाई सफल बनाउन विभिन्न राजनीतिक दलसँग पत्राचार गरिने पनि जनाउनुभयो ।

सरकारले पहिलो पटक जलवायु परिवर्तन, हिमाल र मानव जीवनको भविष्यलाई केन्द्रमा राखेर हरेक दुई वर्षमा यस प्रकारको विश्वव्यापी संवाद आयोजना गर्न लागेको हो ।रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय रमानन्द चौक, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०१/०४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| धनुषा जिल्ला, कमला न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि औद्योगीक व्यवसाय ऐन, २०७६ को दफा ५ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाम, धनुषामा मिति २०७७/१०/२२ गते उद्योग दर्ता नं. १३७६२/११३२/०७७/०७८ तथा आन्तरिक राजश्व कार्यालय बिराटनगरमा मिति २०७७/१०/२२ मा स्थायी लेखा नम्बर (PAN) ३००७४८४६६ अन्तर्गत दर्ता कायम भएको **क्रि.बी. कृषि फर्म** । | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. नन्द लाल मंडलको नाति, विन्देश्वर मंडलको छोरा, धनुषा जिल्ला, साविक सिंग्याही मडान गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, कमला गा.पा./न.पा. वडा नं. ६ बस्ने **रामेश्वर प्रसाद मंडल** (ना.प्र.नं. ८६८३२२२५, जारी मिति २०५४/०३/२६, जि.प्र.का. धनुषा) । | २. विन्देश्वर मण्डलको बुहारी, रामेश्वर प्रसाद मंडलको पत्नी, सप्तरी जिल्ला, साविक औरही गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, कमला गा.पा./न.पा. वडा नं. ६ बस्ने **जोगमाया मण्डल** (ना.प्र.नं. ४३२०, जारी मिति २०५९/१०/०१, जि.प्र.का. सप्तरी) । |
| **धितोको विवरण** | |
| १. क्रि.बी. कृषि फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाईपोथिकेशन सुरक्षण ।<br>२. रामेश्वर प्रसाद मंडल (ना.प्र.नं. ८६८३२२२५, जारी मिति २०५४/०३/२६, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक छौडा मडान गा.वि.स./न.पा. वडा नं. ५ हाल धनुषा जिल्ला, कमला न.पा. वडा नं. ६ स्थित कि.नं. ७७० को क्षेत्रफल ०-५-० (वि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank

शाखा कार्यालय : रमानन्द चौक, धनुषा
फोन नं. ०४१-५२७५५०
Website : www.siddharthabank.com


# मेडिकल कलेजको सिट र शुल्क पुनरावलोकन गर्ने कार्यदल गठन

काठमाण्डु । प्रधानमन्त्री एवं चिकित्सा शिक्षा आयोगका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बुधबार भएको चिकित्सा शिक्षा आयोगको १८औँ बैठकले निजी मेडिकल कलेजमा एमबिबीएस र बिडिएसको सिट संख्या तथा शुल्क संरचना पुनरावलोकनका लागि ११ सदस्यीय कार्यदल गठन गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बसेको उक्त बैठकबाट १० दिनभित्र राय सुझाव पेस गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा दीपक काफ्लेको संयोजकत्वमा कार्यदल गठन गरिएको हो ।



कार्यदलमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा विकास देवकोटा, त्रिभुवन विश्वविद्यालयअन्तर्गत चिकित्सा शिक्षा शास्त्र सङ्कायका डीन डा मोहन शर्मा, काठमाडौँ विश्वविद्यालयअन्तर्गत चिकित्सा शास्त्र सङ्कायका डीन डा मनोज हुमागाईँ, विज्ञहरू डा भगवान कोइराला, डा रमेशकान्त अधिकारी, डा दिव्यासिंह शाह, डा मङ्गल रावल, नेपाल मेडिकल कलेजका अध्यक्ष डा अनिल कार्की र एसोसिएसन अफ प्राइभेट मेडिकल तथा डेन्टल कलेजका अध्यक्ष डा ज्ञानेन्द्र कार्की सदस्य रहनुभएको छ ।

एसोसिएसन अफ प्राइभेट मेडिकल तथा डेन्टल कलेजले आवासीय चिकित्सकलाई सरकारीसरह निर्वाह भत्ता उपलब्ध गराउन कठिनाइ हुने विषयमा सरकारको ध्यानाकर्षण गराएको थियो । विद्यार्थीहरूले उक्त भत्ता नपाए पुनः आन्दोलन गर्ने चेतावनी दिएपछि प्रधानमन्त्री ओलीले आज आयोगको बैठक आह्वान गर्नुभएको हो ।

यसअघि गत माघ २५ गतेको आयोगको १६औँ बैठकले आवासीय चिकित्सकहरूको आन्दोलनको माग सम्बोधन गर्दै निजी मेडिकल कलेजले सरकारीसरह (आठौँ तह)को मासिक रू ४८ हजार ५०० निर्वाह भत्ता कायम गर्नुपर्ने निर्णय गरेको थियो ।

सिट संख्या र शुल्क वृद्धिका विषयमा कार्यदलले अध्ययन गरी सुझाव पेस गरेपछि निजी मेडिकल कलेजले सोही अनुसार आयोगबाट तोकिएको निर्वाह भत्ता दिनुपर्ने र विद्यार्थी भर्नासम्बन्धी ' म्याचिङ' सुरु हुनेछ । आयोगको अर्को बैठक यही वैशाख १५ गते बस्ने छ ।रासस

# धार्मिक जात्राका लागि उडान बन्द गर्ने भारतको यो विमानस्थल

बीबीसी

काठमाण्डु । एप्रिल महिनाको एउटा न्यानो दिनमा केही घण्टाका लागि जेट विमानहरू नउडेपछि दक्षिण भारतीय राज्य केरलाको राजधानी तिरुवनन्तपुरमस्थित अन्तर्राष्ट्रिय विमानस्थलमाथिको आकाश शान्त बन्छ।

प्रायः खराब मौसम वा कुनै प्राविधिक समस्याले विमानस्थलहरू बन्द हुने गर्छन्। उक्त विमानस्थल बन्द हुने कारण चाहिँ न खराब मौसम हो न त प्राविधिक कमजोरी।

त्यसको धावनमार्गबाट एउटा हिन्दू मन्दिरतर्फ हुने धार्मिक जात्राका कारण उक्त विमानस्थल केही घण्टाका लागि बन्द हुने गरेको छ। त्यस दिन भक्तजनहरू मन्दिरका मूर्तिहरू बोकेका सिँगारिएका काठका रथहरू धावमार्गबाटै दुई किलोमिटरसम्म तान्छन्। उक्त परम्परा यति धेरै सम्मानित छ कि त्यसका लागि प्रायः दैनिक ९० वटा उडान र अवतरण हुने उक्त विमानस्थल नै बन्द गरिन्छ।



भारतमा हुने हिन्दू धार्मिक गतिविधिमा हात्तीको उपस्थिति सामान्य हुने गर्छ। यो धार्मिक यात्रामा पनि भक्तजनसँगै सिँगारिएका हात्तीहरू समेत उक्त धावनमार्गबाट मन्दिरतर्फ जान्छन्। यस वर्षको त्यो धार्मिक कार्यक्रम गत शुक्रवार भएको थियो। उक्त यात्रा वार्षिक पेनकुनी उत्सवको हिस्सा हो। त्यो उत्सव वार्षिक रूपमा अर्बौं रुपैयाँ बराबरको खजाना भएको श्री पद्मनाभ स्वामी मन्दिरद्वारा आयोजना हुने गर्छ।

दश दिनसम्म चल्ने उत्सवको अन्तिम दिन निस्कने शोभायात्रा मन्दिरबाट सुरु हुन्छ र धावनमार्ग हुँदै करिब छ किलोमिटर टाढाको शङ्खुमुघम समुद्री तटसम्म पुग्छ। शोभायात्रा समुद्री तटमा पुगेपछि मूर्तिहरूलाई धार्मिक विधिअनुसार स्नान गराइन्छ। त्यसपछि उक्त यात्रा पुनः पुरानै बाटोबाट धावनमार्ग पार गर्दै मन्दिरतर्फ फर्कन्छ।

उक्त जात्राको नेतृत्व पूर्वराजपरिवार त्रवनकोरका मूलीले गरेका थिए। उक्त वंशको शासनकालमा सन् १९३२ मा त्यो विमानस्थल बनेको थियो। त्यो उत्सव र जात्रा कहिलेदेखि सुरु भयो भन्ने यकिन छैन तर उक्त विमानस्थलको व्यवस्थापन सुरुमा सरकार र पछि निजी कम्पनीलाई सुम्पिएपछि पनि त्यसले निरन्तरता पाइरहेको छ।अहिले उक्त विमानस्थलको व्यवस्थापन भारतीय अर्बपति गौतम अदानीको अदानी एअरपोर्ट होल्डिङ्स लिमिटेडले गरिरहेको छ।हरेक वर्ष अक्टोबर वा नोभेम्बर महिनामा उक्त मन्दिरमा हुने अलपाशी धार्मिक उत्सवका बेलामा हुने जात्रामा पनि त्यस्तै गरी विमानस्थललाई केही घण्टाका लागि बन्द गरिन्छ। धार्मिक जात्राका लागि बन्द गरिने केही विमानस्थलहरूमा तिरुवनन्तपुरम अन्तर्राष्ट्रिय विमानस्थल मात्र होइन।

त्यस्ता अन्य विमानस्थलहरूमा बालीका हिन्दूहरूको नयाँ वर्षको उत्सवमा बन्द हुने इन्डोनेशियाको नुराह राई विमानस्थल र यहुदीहरूको एउटा पवित्र दिन योम किपुरमा बन्द हुने इजरेलको बेन गुरिअन विमानस्थल रहेका छन्।

यद्यपि ती विमानस्थलहरू बन्द हुने दिन त्यहाँ सार्वजनिक बिदा हुन्छ र उच्च सुरक्षायुक्त धावनमार्गमै धार्मिक वा सांस्कृतिक जात्रा हुने अवस्था रहँदैन।उक्त विमानस्थलका चीफ एअरपोर्ट अफिसर राहुल भाटकोटीले मन्दिरको जात्रालाई संरक्षण गर्नका लागि विमानस्थलले पाएको अवसरका निम्ति आफूहरूलाई गौरव लागेको बताए।

"सम्भवतः यो विश्वको एउटै मात्र विमानस्थल हो, जसले यस्तो ऐतिहासिक घटनालाई सहजीकरण गर्छ," उनले गत शुक्रवार विमानस्थल क्षेत्रमा जात्रा प्रवेश गर्नुपूर्व बीबीसीसँग भने। उक्त विमानस्थलमा एउटै मात्र धावनमार्ग भएकाले जात्राका बेलामा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै टर्मिनलहरू बन्द गरिन्छन्। त्यो विमानस्थलमा मध्यपूर्व जाने वा उताबाट आउने जहाजहरूको उडान तथा अवतरण हुने गर्छ। मध्यपूर्वमा केरलाबाट ठूलो संख्यामा भारतीय कामदारहरू काम गर्न जाने गर्छन्।

विमानस्थलका अधिकारीहरूले जात्रा हुने दिन र विमानस्थल बन्द हुने जानकारी दुई महिनाअघि नै वायुसेवा कम्पनीहरूलाई दिइएको र त्यस दिन १० वटा उडानहरूको तालिका परिवर्तन भएको बताएका छन्।मन्दिरका कार्यकारी अधिकृत महेश बालाचन्द्रनले बीबीसीसँग भने,"जात्रा स्थानीय समयअनुसार दिउँसो करिब ४:४५ बजे सुरु भयो र करिब चार घण्टामा सम्पन्न भयो। "उक्त कार्यक्रममा सहभागी हुनेहरूको संख्या सीमित हुने र व्यापक रूपमा अनुगमन गरिने बताइएको छ। पूर्वराजपरिवारका वरिष्ठ सदस्यहरू, पुजारीहरू, अधिकारीहरू र छानिएका भक्तजनहरूलाई मात्र उक्त जात्रामा सहभागी हुन दिइन्छ।

उनीहरूका निम्ति मन्दिर व्यवस्थापन समितिले विशेष प्रकारको पास जारी गरेको हुन्छ भने विमानस्थल अधिकारीहरूबाट सुरक्षा जाँच गराएर अनुमति पाएको हुनुपर्छ।"वर्षको दुई पटक पेनकुनी र अलपाशी पर्वमा पूर्णरूपमा कर्मकाण्डहरू पूरा गर्दै विमानस्थलबाट जात्रा निस्कन्छ," बालचन्द्रनले भने, "यो कुनै अप्रिय घटनाबिना शान्तिपूर्ण रूपमा अगाडि बढ्छ। सबै कुराका लागि सावधानीपूर्वक योजना बनाइएको हुन्छ।"विमानस्थलको सुरक्षाको जिम्मा पाएको अर्धसैनिक बल सेन्ट्रल इन्डस्ट्रिअल सेक्युरटी फोर्सले भिडलाई व्यवस्थापन गर्न र सुरक्षाका निम्ति पूरै धावनमार्गमा 'ब्यारिकेड' राखेको हुन्छ।

विमानस्थलका कर्पोरेट सञ्चार व्यवस्थापक महेश गुपथान भन्छन्, "हामीले भिडलाई क्यामराका माध्यमबाट पनि निगरानी गरिरहेका हुन्छौं। जात्रा सकिएपछि धावनमार्गको सुरक्षाका लागि जाँच पनि हुन्छ। "तिरुवनन्तपुरबाट विजयी भएका सांसद शशि थरुरले सामाजिक सञ्जाल एक्समा लेख्दै विमानस्थलबाट पार हुने उक्त जात्राले "परम्परा र आधुनिकता कसरी सहअस्तित्त्वका साथ अघि बढ्न सक्छन्" भन्ने देखाएको जनाएका छन्।

# विश्वकप एसिया छनोटः नेपालद्वारा हङ्कङ पराजित



काठमाण्डु । आइसिसी यु-१९ पुरुष क्रिकेट विश्वकप एसिया छनोटअन्तर्गत नेपालले तेस्रो जित निकालेको छ। बुधबारको खेलमा नेपालले हङ्कङलाई नौ विकेटले हराउँदै जारी प्रतियोगितामा तेस्रो जित निकालेको हो ।

हङ्कङले जितका लागि दिएको एक सय १६ रनको लक्ष्य नेपालले १२ दशमलव तीन ओभरमा एक विकेट गुमाउँदै पूरा गरेको हो । नेपालका लागि साहिल पटेलले अविजित ४२ रन बनाउँदा कप्तान नरेन भट्ट पनि अविजित रहँदै ३९ रन जोडे ।

नेपालका लागि नीरज यादवले २३ रनको योगदान दिए । नेपालले अतिरिक्त नौ रन प्राप्त गरेको छ । हङ्कङका लागि शयन पुरीले एक विकेट हात पारे ।

तल्लो मूलपानी क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हङ्कङले ४६ दशमलव दुई ओभरमा अलआउट हुँदै एक सय १५ रन बनाएको हो ।

हङ्कङका लागि शिव माथुरले अर्धशतकीय पारी खेले । उनले एक सय १६ बलमा चार चौका र एक छक्काको मद्दतले सर्वाधिक ६३ रन बनाएका हुन् । यस्तै, आर्या पन्जवानीले १३, वीर माथुरले १२ र ह्यारी थोमस हजसनले १० रनको योगदान दिँदा अन्य कुनै खेलाडीले दोहोरो अङ्कको रन बनाउन सकेनन् ।नेपालका लागि युवराज खत्रीले सर्वाधिक चार विकेट लिए ।

विपिनप्रसाद शर्माले तीन, सन्तोष यादवले दुई र अशोक धामीले एक विकेट हात पारेका हुन् ।रासस

# युरेनियम संवर्धन 'गैर-सम्झौता योग्य' भएको इरानी विदेशमन्त्रीको भनाइ

एएफपी

तेहरान । अमेरिकी विशेष दूत स्टिभ विटकफले रोक लगाउन आह्वान गरेपछि इरानले आफ्नो आणविक कार्यक्रमको एक हिस्साका रूपमा युरेनियमको संवर्धन 'गैर-सम्झौता योग्य' भएको विदेशमन्त्री अब्बास अराघचीले बुधबार बताउनुभएको छ ।



"इरानको संवर्धन वास्तविक, स्वीकृत विषय हो । हामी सम्भावित चिन्ताहरूको जवाफमा विश्वास निर्माण गर्न तयार छौं, तर संवर्धनको विषय गैर-सम्झौता योग्य छ", अराघचीले मन्त्रिपरिषद्को बैठकपछि पत्रकारहरूलाई बताउनुभयो ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०१८ मा ऐतिहासिक आणविक सम्झौता त्याग्नुभएपछि लामो समयदेखि शत्रु रहेका दुई मुलुकबीच उच्चस्तरीय वार्ता भएको एक हप्तापछि शनिबार ओमानमा अराघची र विटकफले फेरि भेट्ने क्रममा यो टिप्पणी आएको हो ।

ट्रम्पले जनवरीमा कार्यालयमा फर्केपछि तेहरानविरुद्ध 'अधिकतम दबाव' को नीतिमा व्यापक प्रतिबन्धहरू फेरि लागू गर्नुभएको छ ।मार्चमा उहाँले इरानका सर्वोच्च नेता आयतुल्लाह अली खामेनीलाई वार्ताको आग्रह गर्दै पत्र पठाउनुभयो तर वार्ताले सम्झौता ल्याउन नसकेमा सम्भावित सैन्य कारबाहीको चेतावनी पनि दिनुभयो ।दुवै पक्षले शनिबारको बैठकलाई 'रचनात्मक' भएको बताए ।

तर मङ्गलबार विटकफले इरानले कुनै पनि आणविक सम्झौताको भागका रूपमा युरेनियमको संवर्धन 'रोक्न र उन्मूलन' गर्नुपर्ने बताउनुभयो ।यसअघि उहाँले सन् २०१५ मा इरान र प्रमुख शक्तिहरूबीच भएको सम्झौताले इरानलाई दिएको तीन दशमलव ६७ प्रतिशतको सीमा फिर्ता गर्नुपर्ने माग गर्नुभएको थियो । उक्त सम्झौताबाट ट्रम्पले हात झिक्नुभएको थियो ।

शनिबारको वार्ताअघि ट्रम्प प्रशासनबाट बाहिर आएको 'विरोधाभासी र परस्पर विरोधी स्थिति' भन्दै अराघचीले निन्दा गर्नुभयो ।"हामी वार्ता सत्रको समयमा अमेरिकीहरूको वास्तविक विचारहरू पत्ता लगाउनेछौं", उहाँले भन्नुभयो ।इरानका शीर्ष कूटनीतिज्ञले सम्भावित सम्झौताको ढाँचामा वार्ता सुरु गर्ने आशा व्यक्त गर्नुभयो तर त्यसका लागि संयुक्त राज्य अमेरिकाबाट 'रचनात्मक स्थितिहरू' आवश्यक रहेको बताउनुभयो ।

"यदि हामीले विरोधाभासी र परस्पर विरोधी स्थितिहरू (सुन्न) जारी राख्यौं भने, हामीसँग समस्याहरू हुनेछन्", उहाँले चेतावनी दिनुभयो ।मङ्गलबार खामेनीले वार्ताहरू प्रारम्भिक चरणमा राम्रोसँग अघि बढेको भए पनि तिनीहरू अझै पनि निष्फल साबित हुनसक्ने चेतावनी दिनुभयो ।"वार्ताले नतिजा निकाल्न सक्छ वा नदिन पनि सक्छ", उहाँले भन्नुभयो ।

# जापान अमेरिकासँग 'आपसी हित' हुने सम्झौता गर्न चाहन्छः बाणिज्य दूत

एएफपी

टोकियो । अमेरिकी कर वार्ताका लागि जापानी बाणिज्य दूतले राष्ट्रिय हितको रक्षा गर्दै 'दुबैको हित' मा परिणाम आउने वार्ताका लागि आफू विश्वस्त रहेको बताउनुभएको छ । बुधबार वासिङ्टन प्रस्थान गर्नुभन्दा पहिले विमानस्थलमा पत्रकारसँग कुराकानी गर्दै उहाँले व्यापार वार्ता एकपक्षीय नभई दुबै मुलुकको हितमा हुनुपर्ने बताउनुभएको हो ।विश्लेषकहरूले रयोसी अकाजावाको भ्रमणको परिणामले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनसँग अन्य देशहरूको वार्ताको ढाँचा तय गर्न सक्ने बताएका छन्।

"मलाई विश्वास छ, हामी विश्वासको सम्बन्ध निर्माण गर्न सक्षम हुनेछौं र राम्रो वार्ता सञ्चालन गर्न सक्षम हुनेछौं, जसले दुबै पक्षको जीतको म्बन्धलाई नेतृत्व गर्नेछ," आर्थिक पुनरुत्थान मन्त्री अकाजावाले पत्रकारहरूसँग भन्नुभयो । जापानले वार्ताका लागि चाहना देखाएको भन्दै अमेरिकी राष्ट्रपति ट्रम्पले गत साता जापानमाथिको २४ प्रतिशतको 'पारस्परिक' शुल्क ९० दिनका लागि स्थगित गर्नुभएको थियो । संयुक्त राज्य अमेरिकामा सबैभन्दा ठूलो लगानीकर्ता भए तापनि जापानले अझै पनि आफ्नो कार, स्टील र आल्मुनियमको आयातमा भारी कर लगाएको छ।

कार कम्पनी होन्डाले बुधबार आफ्नो हाइब्रिड सिभिक मोडेलको उत्पादन जुन वा जुलाईमा जापानबाट संयुक्त राज्य अमेरिकामा सार्ने बताएको छ।होन्डा कम्पनीका प्रवक्ताले भन्नुभयो, "यो निर्णयको पछाडिको तर्क कुनै एउटा मुद्दा होइन। यो निर्णय कम्पनीको नीतिमा आधारित छ । हामी जहाँ माग छ त्यहाँ कार उत्पादन गर्दछौं।"यद्यपि, यो गाडीले कम्पनीको वार्षिक उत्पादनको एक सानो हिस्सा मात्र प्रतिनिधित्व गर्दछ।

भ्रमणका क्रममा अकाजावाले अर्थमन्त्रीस्कट बेसेन्ट र व्यापार प्रतिनिधि जेमिसन ग्रीरसँग वार्ता गर्नुहुने बताइएको छ । विश्लेषकहरुका अनुसार अलास्काबाट अमेरिकी रक्षा सामग्री र प्राकृतिक ग्याँसको खरीद वार्ताको क्रममा टेबलमा प्रस्तु हुनसक्छ ।अमेरिकी विश्वविद्यालयमा अध्ययन गरेका प्रधानमन्त्री शिगेरु इशिबासँग निकट रहेका अकाजावाले ' जापानप्रति नरम' बेसेन्ट र ग्रीरसँगको वार्तामा 'जापानी राष्ट्रिय हितको रक्षा' गर्न चाहेको बताउनुभयो ।

दाइवा इन्स्टिच्युट अफ रिसर्चले ट्रम्पको पारस्परिक करका कारण सन् २०२९ सम्ममा जापानको वास्तविक कुल गार्हस्थ उत्पादनमा १.८ प्रतिशतले गिरावट आउन सक्ने चेतावनी दिएको छ ।अमेरिकी अधिकारीहरूले दक्षिण कोरिया र अन्य देशहरूसँग पनि वार्ता गर्ने तयारी गरेका छन्, तर एसपीआई एसेट म्यानेजमेन्टका स्टेफन इनेसले जापानसँगको छलफललाई 'करको कोइला खानीमा सुनोलौ पङ्क्षी' को संज्ञा दिनुभएको छ ।

उहाँले एक पत्रिकामा लेख्नुभएको छ, "अन्य राष्ट्रहरूले अमेरिकाको एकपक्षीय घोषणापछि अमेरिकाको एकपक्षीय घोषणापछि सहकार्यमा नभई प्रतिशोधपूर्ण जवाफमा जानसक्ने र मुठभेडबाट मूल्य निर्धारण गर्न थाल्नेछन् । यदि जापानले अपुरो सम्झौता गर्न सफल भए पनि यसका लागि योजना तयार गरिसकेको छ । यसले अहिले नै सम्झौता नभएमा पनि अमेरिकासँग विवादमा आएर नभई वार्तावाट नै निष्कर्ष निकाल्न पहल गर्नेछ ।"

उहाँले भन्नुभयो, "समस्यामा हात्तीलाई नबिर्सनुहास् : जापान अझै पनि अमेरिकी अर्थतन्त्रको सबैभन्दा ठूलो धारक हो ।"इशिबालगायत उच्च जापानी अधिकारीहरूले टोकियोले जानाजानी अमेरिकी ट्रेजरी बजारमा अस्थिरता सिर्जना गरेको हुन सक्ने दाबीलाई अस्वीकार गर्दै ट्रम्पको पारस्परिक कर रोक्न बाध्य पारेको बताउनुभएको छ ।

# गाजामा कुनै मानवीय सहायता प्रवेश गर्नेछैन : इजरायली रक्षामन्त्री

एएफपी

जेरुसेलम । इजरायलका रक्षामन्त्री इजरायल काट्जले देशले युद्धग्रस्त गाजा पट्टीमा प्रवेश गर्नबाट मानवीय सहायता रोक्ने बताउनुभएको छ । गाजा पट्टीमा तीव्र हवाई र भूमि आक्रमणहरू पुनः सुरु भएका छन् ।

"इजरायलको नीति स्पष्ट छ : कुनै पनि मानवीय सहायता गाजामा प्रवेश गर्दैन र यो सहायता रोक्नु हमासलाई जनताको माध्यमका रूपमा प्रयोग गर्नबाट रोक्ने मुख्य दबाब तत्वहरू मध्ये एक हो", मार्च २ देखि सहायताको प्रवेश रोक्ने इजरायलको निर्णयपछि ठूलो मानवीय सङ्कटका बीच काट्जले एक विज्ञप्तिमा भन्नुभयो, "हाल गाजामा कुनै पनि मानवीय सहायतालाई अनुमति दिने कसैको योजना छैन र त्यस्तो सहायता सक्षम पार्ने कुनै तयारी छैन ।"



संयुक्त राष्ट्रसङ्घले सोमबार गाजाले सन् २०२३ अक्टोबरमा युद्ध सुरु भएपछिको सबैभन्दा गम्भीर मानवीय सङ्कटको सामना गरिरहेको चेतावनी दिएको छ ।"मानवीय स्थिति अहिले सम्भवतः शत्रुता सुरु भएको १८ महिनामा सबैभन्दा खराब छ", संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) ले भनेको छ।

एक विज्ञप्तिमा ओसिएचएले डेढ महिनादेखि गाजामा कुनै आपूर्ति नपुगेको र चिकित्सा आपूर्ति, इन्धन, पानी र अन्य आवश्यक वस्तुहरूको अभाव रहेको बताएको छ ।"गाजाभित्र प्रतिबन्धहरूका साथसाथै क्रसिङहरूको बन्दका कारण घट्दो आपूर्तिले उनीहरूलाई (सहायता कार्यकर्ताहरू) बाँकी भण्डारको सबैभन्दा बढी उपयोग गर्न रासन र वितरण घटाउन बाध्य गरेको छ", ओसिएचएले भन्यो ।

इजरायलले जनवरी १९ मा लागू भएको युद्धविराम सम्झौता दुई महिनापछि यसको अर्को चरणका बारेमा मतभेदका कारण टुट्न पुगेपछि प्यालेस्टिनी क्षेत्रमा आफ्नो तीव्र सैन्य आक्रमण पुनः सुरु गरेको छ ।त्यसयता हजारौं मानिस विस्थापित भएका छन् ।इजरायलले गाजा पट्टीमा २४ लाख प्यालेस्टिनीका लागि महत्त्वपूर्ण अन्तर्राष्ट्रिय सहायताको प्रवेशलाई कडाइका साथ नियन्त्रण गरेको छ ।

# प्रयोगशालामा उमारियो दाँत, मक्किने वा झर्ने समस्याको उपचारमा नयाँ सम्भावना

बीबीसी

काठमाण्डु । धेरै जीवहरूमा दाँत बारम्बार उम्रिन सक्छ, मानवजातिमा भने जीवनमा एक पटक मात्र दाँतहरू फेरिन्छन्।तर किङ्स कलेज लन्डनका वैज्ञानिकहरू प्रयोगशालामा मानिसको दाँत उमार्न सफल भएका छन्। दन्तचिकित्साको क्षेत्रमा यसलाई निकै ठूलो उपलब्धि मानिएको छ।

मानिसको मुखभित्र त्यसरी दाँत उमारेर खाडल पुर्ने उपचार गर्न अझ धेरै समय लाग्न सक्ने भए पनि प्रयोगशालामा प्राप्त यो सफलताका कारण अनुसन्धानमा विद्यमान खाडल भने पुरिएको वैज्ञानिकहरू बताउँछन्। "फेरि उमारेर जैविक विधिबाट दाँत फेर्ने यो अवधारणाले मलाई डोऱ्याएर लन्डन र किङ्स कलेज पुऱ्यायो," रिजेनरटिभ डेन्टिस्ट्रीकी निर्देशक डा आना आन्जेलोभा-भोल्पोनीले भनिन्। "डिशमा दाँत उमारेर हामीले ज्ञानमा भएको खाडल पुरेका छौं।" मानिसहरू हँसिलो देखिन चाहन्छन्। त्यसका लागि 'ब्रेसेस' अर्थात् दाँत तारले बाँध्ने अथवा 'इप्लान्ट' अर्थात् कृत्रिम दाँत प्रत्यारोपण गर्ने चलन बढेको छ।




तर इम्प्लान्ट राखेका बिरामी र तिनको उपचार गर्ने दन्तचिकित्सक दुवै पक्षले अप्रत्याशित समस्या खेप्नुपर्ने हुन सक्छ।"इम्प्लान्ट राख्न शल्यक्रिया गर्नुपर्छ, इम्प्लान्ट र दाँत बस्ने हड्डी पनि मिलेको हुनुपर्छ," फ्याकल्टी अफ डेन्टिस्ट्री, ओरल एन्ड क्रेनिओफेशल साइअन्सेसमा विद्यावारिधि गर्दै गरेका शुएशेन चाङले भने। "प्रयोगशालामा उमारिएका दाँतहरू आफैँ बढ्छन् र गिजामा वास्तविक दाँत जसरी नै टम्म मिलेर बस्छन्।"

"ती बलिया हुन्छन्, लामो समय टिक्छन् र तिनलाई शरीरले अस्वीकार गर्ने जोखिम हुँदैन। यो उपाय दाँत भर्नु वा कृत्रिम दाँत (इम्प्लान्ट) प्रत्यारोपण गर्नुभन्दा दीर्घकालीन र जैविक रूपमा बढी अनुकूल हुन्छ।" किङ्स कलेजका वैज्ञानिकहरूले इम्पेरिअल कलेज लन्डनसँगको सहकार्यमा अहिले कोषहरूबीच सङ्केत प्रवाह गर्न एउटा विशेष प्रकारको पदार्थ प्रयोग गरेका छन्।

यसको अर्थ एउटा कोषले अर्को कोषलाई दाँत बन्ने कोष बन्न निर्देशन दिन सक्छ अनि दाँत बन्ने कोषले उम्रिने दाँतको वातावरणको नक्कल गर्न थाल्छ।

यसैका बलमा वैज्ञानिकहरू प्रयोगशालामा दाँत विकास हुने प्रक्रिया अनुकरण गर्छन्। वैज्ञानिकहरू दाँत उम्रिन चाहिने परिस्थिति निर्माण गर्न सफल भएका छन्।अब उनीहरूले प्रयोगशालामा उमारिएका दाँत बिरामीको मुखभित्र कसरी स्थानान्तरण गर्न सकिन्छ भनेर काम गर्नुपर्ने छ।त्यसका लागि धेरै वर्ष लाग्न सक्छ। "मुखभित्र दाँत सार्नका लागि हामीसँग विभिन्न अवधारणा छन्। दाँत नभएको खाली ठाउँमा हामी दाँत उम्रिने कोषहरू प्रत्यारोपण गर्न सक्छौं र तिनलाई त्यहाँ उम्रिन दिन सक्छौं," जाङले भने।

"अथवा बिरामीको मुखमा राख्नुअघि हामी पूरै दाँत प्रयोगशालामा उमार्न सक्छौं।वैज्ञानिकहरूले जस्तोसुकै विधि रोजे पनि प्रारम्भिक प्रक्रिया भने प्रयोगशालामै सुरु हुन्छ। मुख सफा नराख्दा मानिसहरूको खाने, बोल्ने र अरूसँग घुलमिल हुने क्षमता प्रभावित हुन सक्छ। मुखमा हुने सूक्ष्मजीवहरू रगतमा फैलिए भने मुटुको समस्या र विभिन्न खालका सङ्क्रमण हुने जोखिम पनि बढ्छ।पाको उमेरका धेरै मानिसहरू दाँत मक्किने समस्याबाट पीडित हुन्छन्।

किङ्स कलेजमा दन्तचिकित्साको प्रस्थोडन्टिक्स विषय प्राध्यापन गर्ने सूर्शा ओ'टूलुका अनुसार "दाँत उमार्ने यो नयाँ प्रविधि निकै उत्साहप्रद छ र दन्तचिकित्सकहरूका लागि यसले नयाँ मोड ल्याइदिन सक्छ।""के यो मेरो जीवनकालमै सम्भव होला त? हुन पनि सक्छ। मेरा बच्चाहरूको दाँतका लागि? हुन सक्छ। तर मेरा नातिनातिनाको जीवनकालमा सम्भव हुन्छ भन्ने आशा गरौं।"

# सगरमाथा क्षेत्रमा पर्यटक आगमन वृद्धि: चैतमा १२ हजार भित्रिए

सोलुखुम्बु । वरिपरि हिउँका पर्खाल, शेर्पा संस्कृतिको सुगन्ध, अनि हिमाली सौन्दर्यको चित्ताकर्षक दृश्यले सगरमाथा क्षेत्रमा हजारौँ पर्यटकको ध्यान खिच्ने गरेको छ ।

वसन्त ऋतु प्रारम्भ भएसँगै सगरमाथा क्षेत्रमा पर्यटकको चहलपहल बढेको छ। सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका अनुसार गत महिना १२ हजार तीन जना पर्यटकले सगरमाथा क्षेत्रको भ्रमण गरेका छन् ।

राष्ट्रिय निकुञ्जका रेन्जर विवेक श्रेष्ठका अनुसार यो याम हिमाल आरोहण, ट्रेकिङ तथा हिमाली दृश्यावलोकनको दृष्टिले उपयुक्त भएकाले पर्यटकको आगमन बढेको हो । "हिमाल आरोहण तथा दृष्यावलोकनका लागि यो समय उत्तम हुने भएकाले विदेशी तथा स्वदेशी पर्यटक आउने क्रम जारी छ, सगरमाथासहितका हिमाल सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने भएकाले यहाँ पर्यटक बढेसँगै हाम्रो व्यस्तता पनि बढेको छ ।" रेन्जर श्रेष्ठले भन्नुभयो । पर्यटकको आवागमन बढेसँगै खुम्बु क्षेत्रमा व्यावसायिक गतिविधि, होटल लजहरूको व्यस्तता पनि बढेको छ ।

हाल नाम्चे बजारदेखि लुक्लासम्मका होटल पर्यटकले भरिभराउ छन् । अनुकूल मौसम हुँदा काठमाडौँ तथा रामेछापको मन्थली विमानस्थलबाट दैनिक सयौँ पर्यटक लुक्ला हुँदै निकुञ्ज प्रवेश गरिरहेका छन् । यद्यपि, मौसम प्रतिकूल हुँदा सोही पर्यटकहरू वैकल्पिक मार्ग रोज्दै काठमाडौँबाट जिप चढेर सल्लेरी हुँदै सुर्केसम्मको यात्रा गरिरहेको यातयात व्यवसायीहरू बताउछन् ।



**हवाइ र सडक मार्ग सगरमाथा क्षेत्र पुग्ने माध्यम**

पहिले-पहिले सगरमाथा पुग्ने एकमात्र प्रमुख विकल्प लुक्लाको हवाई यात्रा थियो । तर हालैका वर्षहरूमा लुक्लासम्म सडक विस्तार हुँदै जाँदा अब गाडी चढेर पनि हिमालको काखमा पुग्न सकिने सम्भावना बढेको छ ।

मौसम प्रतिकूल हुँदा हवाइजहाज उड्न नसक्दा वैकल्पिक बाटोको खोजीमा निस्केका पर्यटकहरू जिपमार्फत खुर्कोट, घुर्मी, ओखलढुङ्गा हुँदै सोलुखुम्बु सदरमुकाम सल्लेरी पुग्छन् ।

यहाँबाट बोलेरोबाट लुक्ला नजिकैको स्थान सुर्केसम्म यात्रा गर्छन् । निकुञ्ज क्षेत्रमा कार्यरत सवारी चालकदेखि होटल व्यवसायीसम्मले पछिल्लो समयको सडक विकासलाई स्वागत गरेका छन् । अब मौसम खराब भयो भनेर लुक्ला नपुगी फर्कनुपर्ने बाध्यता हटेको पर्यटन व्यवसायी बताउँछन् । लुक्ला-मन्थली तथा काठमाडौँ-लुक्ला हवाइ सेवा प्रभावित हुनसाथ सल्लेरी हुँदै लुक्लाभन्दा केही तलसम्मको स्थान सुर्के जाने विदेशी पर्यटकको सङ्ख्या उच्च हुने गरेको यातायात व्यवसायी रामबहादुर बराइलीले बताउनुभयो ।

मौसम बिग्रियो भने काठमाडौँबाट सुमो जिपमार्फत आएका विदेशीहरूले सल्लेरी र फाप्लुको होटल लजहरू भरिभराउ हुन्छ ।" काठमाडौँबाट जिपमार्फत खुर्कोट, घुर्मी हुँदै सोलुखुम्बु जिल्ला सदरमुकाम सल्लेरी आइपुगेका पर्यटक सल्लेरीबाट बोलेरोमार्फत सुर्केसम्म पुग्ने गरेका छन् । सल्लेरीभन्दा माथिको बाटो कच्ची भएकाले सुमो जिप नजाने भएकाले बोलेरो प्रयोग गर्ने गरेको सवारी चालक सन्तोष तामाङले बताउनुभयो ।

लुक्ला नजिकै कच्ची सडक पुगेकाले पर्यटकलाई जहाजको विकल्प भएको ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान)का वरिष्ठ उपाध्यक्ष कर्मा शेर्पाले बताउनुभयो । "लुक्लामा मौसम बिग्रिरहने भएकाले बारम्बार जहाज उडान अवरुद्ध हुन्छ तर अब लुक्ला नजिकै रोड पुगेकाले गाडीबाट पनि जान सकिने भएको छ, यो खुसीको कुरा हो ।" उपाध्यक्ष शेर्पाले भन्नुभयो । यद्यपि खुम्बु आउन चहाने केही पर्यटक भने मौसमका कारण अन्यन्त्र डाइभर्ट हुने गरेको व्यवसायीहरूको भनाइ छ ।

व्यवसायी तेम्बाछिरिङ शेर्पाले भन्नुभयो, "खुम्बु जाने सहज माध्यम भनेको हवाइजहाज हो, तर लुक्लामा मौसम खराब हुँदा खुम्बु जाने कतिपय विदेशीहरू अन्य स्थानतर्फ लागे । उनीहरू निश्चित समयको 'भिषा' लिएर आउने भएकाले मौसम प्रतिकूल हुनासाथ अन्य स्थानतर्फ जाने सम्भावना बढ्छ ।"

**निकुञ्ज क्षेत्रमा पर्यटकको आगमन उत्साहवर्धक**

विसं २०३२ मा सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रमा स्थापना भएको सगरमाथा राष्ट्रिय निकुञ्ज एक हजार एक सय ४८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । पूर्वी नेपालको सोलुखुम्बु जिल्लामा रहेको यो राष्ट्रिय निकुञ्जमा विश्वको सर्वोच्च शिखर सगरमाथासहित छ हजार मिटरभन्दा अग्ला ल्होत्से, नुप्से, चोयु, ल्होत्सेसार, पुमोरी, आमादब्लम, थामसेर्कुलगायत हिमचुचुरा पर्दछन् । कुञ्जभित्रको गोक्यो र सम्बद्ध ताललाई सन् २००७ मा रामसार सूचीमा समावेश गरिएको थियो ।

सन् १९७९ देखि यस निकुञ्जलाई विश्वसम्पदा सूचीमा समावेश गरिएको हो । यो निकुञ्ज एक हजार आठ सय मिटरदेखि आठ हजार आठ सय ४८ मिटरसम्मको उचाइमा छ ।

उच्च पर्वतीय वातावरण रहेको यस राष्ट्रिय निकुञ्जमा गोब्रे सल्ला, ठिङ्गे सल्ला, हेमलक, धुपी, भोजपत्र, गुराँस जातका रुख पाइन्छन् । वसन्त ऋतुमा लालीगुराँसका फूलले निकुञ्जभित्रको जङ्गललाई अति मनोरम र सुन्दर बनाउँछन् ।

कस्तुरी मृग, हिमाली भालु, हिउँ चितुवा, थार, घोरल, झारलजस्ता वन्यजन्तुका साथै डाँफे, चिलिमे, कालिज, हिम कुखुरा, लालचुच्चे काग (टुङ्गा) र पहेँलो चुच्चे काग (टेमुलगायत १९३ प्रजातिका चरा यस राष्ट्रिय निकुञ्जमा पाइन्छन् । सगरमाथा राष्ट्रिय निकुञ्ज सांस्कृतिक महत्वको क्षेत्र पनि हो । यहाँका तेङ्वोचे, तथा थामे गुम्बाहरूमा बौद्ध शिक्षा दिइन्छ ।

मुख्यतः सगरमाथा हिमाल र यस क्षेत्रको मनोरम दृश्य हेर्न, पर्वतारोहण गर्न, शेर्पा संस्कृति तथा वन्यजन्तु अवलोकन गर्न बर्सेनि हजारौँ पर्यटक यहाँ आउने गर्दछन् । हिमाल आरोहण, ट्रेकिङ मात्र नभई सांस्कृतिक भ्रमणले वार्षिक हजारौँ पर्यटकलाई आकर्षित गर्दै आएको छ । सगरमाथा क्षेत्रमा पर्यटक आगमनको मुख्य याम फागुनदेखि जेठ र असोजदेखि मङ्सिरसम्म हो ।

**नौ महिनामा ४३ हजार पर्यटकद्वारा निकुञ्ज भ्रमण**

चालु आर्थिक वर्षको नौ महिनामा ४३ हजारभन्दा धेरै पर्यटकले सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रको भ्रमण गरेका छन् । निकुञ्जका अनुसार गत साउन महिनादेखि चैतसम्ममा ४४ हजार छ सय आठ जना पर्यटक सगरमाथा क्षेत्र पुगेका हुन् ।

गत साउनमा १२५ जना, भदौमा एक हजार ३९४ जना, असोजमा आठ हजार दुई, मङ्सिरमा चार हजार ३९४, पुसमा एक हजार ७११, माघमा ९४३, फागुनमा दुई हजार ४८७ र चैतमा १२ हजार तीन जना निकुञ्जको चेकपोष्ट जोरसल्लेबाट प्रवेश गरेका रेन्जर विवेक श्रेष्ठले जानकारी दिनुभयो ।

पर्यटकबाट सगरमाथा राष्ट्रिय निकुञ्जले रु ११ करोड ३२ लाख नौ हजार १०० राजस्व सङ्कलन गरेको छ । भ्रमणकर्तामध्ये विदेशी ३७ हजार ७९६ जना र नेपाली पाँच हजार ८९७ जना रहेका छन् । तीन हजार ९९६ जना सार्क राष्ट्रका र ३३ हजार ८०० अन्य देशका पर्यटकले निकुञ्जको भमण गरेका हुन् ।

हाल दैनिक ४०० जनाभन्दा धेरै विदेशी तथा स्वदेशी पर्यटक विभिन्न माध्यमबाट सगरमाथा क्षेत्र पुगिरहेका जनाइएको छ । पर्यटकको लगातार बढ्दो आगमनले सगरमाथा क्षेत्रलाई आर्थिक रुपमा फाइदा पुऱ्याइरहेको छ तर आम्दानीसँगै पर्यावरणीय समस्या पनि थपिएका छन् ।

पर्यटन क्षेत्रका जानकार आङछिरिङ शेर्पा भन्नुहुन्छ, "अबको प्राथमिकता भनेको प्राकृतिक स्रोतको संरक्षण, पर्यटनको दिगो विकास हुनुपर्छ । सगरमाथा नेपाल र नेपालीको गौरव हो, सयो देशको अद्वितीय सौन्दर्यको रासास्वादन जीवनमा एकपटक गर्नैपर्ने सन्देश दिनुपर्छ ।"रासस

# सुखानी वन क्षेत्रमा 'भिओलेट कुक्कू' चरा भेटियो

काठमाण्डु । नेपालको लागि नयाँ प्रजातिको चरा अभिलेख गरिएको छ । इलाममा समुद्री सतहबाट तीन सय मिटर उचाइमा रहेको सुखानी वन क्षेत्र 'भिओलेट कुक्कू' नामको चरा अभिलेख गरिएको नेपाल पन्छीविद् सङ्घले जनाएको छ ।

चराविद् राजेन्द्र गुरुङसमेतको टोलीले चरा अवलोकनका क्रममा गत चैत २५ गते पहिलोपटक बिहान सुखानी वन क्षेत्रमा उक्त प्रजातिको भाले चरा देख्नुभएको थियो ।

सोही दिन सोही स्थानमा पटकपटक एक रुखबाट अर्को रुखमा उड्दै बस्दै गरेको अवस्थामा एक घण्टाभन्दा बढी समयसम्म उक्त चरालाई अवलोकन गरिएको थियो । चरा अवलोकन गर्ने क्रममा गुरुङका साथमा रहेका मलेसियन नागरिक अलेक्जेन्डर जोन एङ्ग याङले आवाज पहिचान गरी चरालाई पहिल्याउनुभएको थियो । टोलीमा रहेका अर्का मलेसियन नागरिक रोगर रोबर्ट राजह र नेपाली चराविद् अनिस तिम्सिनाले पनि सो भाले चरालाई अवलोकन गर्नुभएको सङ्घद्वारा बुधबार जारी विज्ञप्तिमा उल्लेख छ ।

टोलीका सदस्यहरूले चराको फोटो र भिडियो खिचेर प्रारम्भिक पहिचान गर्नुभएको थियो । चैत २८ गते सो चराको एकीन पुष्ट्याइका लागि चराविद् राजेन्द्र गुरुङले चराको विवरणसहित फोटो नेपाल चरा तथ्याङ्क समितिमा पठाउनुभएको थियो ।रासस


## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८२/१/४ गते

तपशिलमा उल्लेखित ऋणी संस्थाले **जनकपुर** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८१/०९/०३ गते जनकपुर टुडे दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम :** ज्योती पर्यटन सहकारी संस्था लि. **रजिष्टर्ड ठेगाना :** हलखोरी-०९, महोत्तरी ।
**हालको ठेगाना :** एकडारा गाउँपालिका -४, महोत्तरी **दर्ता नं.** १३१०/२०६९/०७०

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : ज्योती मिश्रा (अध्यक्ष जमानीकर्ता)**<br>बाबु : महेश पाठक<br>ससुरा : बलिराम मिश्र<br>पति : रोशन कुमार मिश्र<br>ना प्र नं. : १८३००४२५<br>ठेगाना : हलखोरी-९, महोत्तरी | **५) नाम : कारी देवी (सदस्य जमानीकर्ता)**<br>बाबु : खेदरु साह<br>ससुरा : बसु राउत<br>पति : भिखारी राउत<br>ना प्र नं. : १८-१-००४/२६३<br>ठेगाना : हलखोरी-८, महोत्तरी |
| **२) नाम : कुन्ती देवी मिश्र (उपाध्यक्ष जमानीकर्ता)**<br>बाबु : जमुना मिश्र<br>ससुरा : सहदेव शुक्ला<br>पति : बलिराम मिश्र<br>ना प्र नं. : १८०४<br>ठेगाना : हलखोरी-९, महोत्तरी | **६) नाम : सिमा देवी (सदस्य जमानीकर्ता)**<br>बाबु : ध्रुव देव पाण्डेय<br>पति : मधु सुदन मिश्र<br>ना प्र नं. : १८३००४१६४<br>ठेगाना : हलखोरी-९, महोत्तरी |
| **३) नाम : मंजु देवी (सचिव जमानीकर्ता)**<br>बाबु : राम रतन पाण्डे<br>ससुरा : रामपदार्थ मिश्र<br>पति : वेदानन्द शुक्ला<br>ना प्र नं. : १८३००४१७३<br>ठेगाना : हलखोरी-८, महोत्तरी | **७) नाम : रेणु देवी (सदस्य जमानीकर्ता)**<br>बाबु : धजराज तिवारी<br>ससुरा : किशारी शुक्ला<br>पति : जयनारायण शुक्ला<br>ना प्र नं. : १८-०१-७५-०७२८९<br>ठेगाना : एकडारा-४, महोत्तरी |
| **४) नाम : हरे शंकर तिवारी (सदस्य जमानीकर्ता)**<br>बाबु : जटाधर तिवारी<br>बाजे : मुखन तिवारी<br>ना प्र नं. : ३५४३४१८१<br>ठेगाना : हलखोरी-८, महोत्तरी | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री सत्य नारायण महतोको बुहारी श्री भोजराज महताको श्रीमती महोत्तरी जिल्ला हलखोरी गा.वि.स. वडा नं. ३ बस्ने **श्री तेतरी कुमारी देवी** को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला हलखोरी गा.वि.स. वडा नं. ५ को कित्ता नं. ४४० र ४४३ को क्षेत्रफल क्रमश ०-१-० र ०-१-१३$^{३}$/४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री रघुनाथ मिश्रको नाति श्री राम पदार्थ मिश्रको छोरा महोत्तरी जिल्ला हलखोरी गा.वि.स. वडा नं. ८ बस्ने **श्री बलिराम मिश्र**को नाममा मालपोत कार्यालयम महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला हलखोरी गा.वि.स. वडा नं. ९ क को कित्ता नं. १९२ को क्षेत्रफल ०-१-४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु. ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा Kumari Bank Ltd. पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६०००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै जनकपुर शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय जनकपुरमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेका धितोहरुको आशिंक रुपमा पनि लिलाम गर्न सकिनेछ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop



# नयाँ वर्षमा नेपाली चलचित्रलाई दर्शकको साथ

काठमाण्डु । नेपाली चलचित्रका लागि नयाँ वर्ष उत्साहजनक हुने गरेको छ । अर्थात् उक्त दिन प्रदर्शनरत चलचित्र हेर्न दर्शक चलचित्र भवनमा पुग्ने गरेको देखिन्छ ।

यस वर्षको सुरुआतमा दर्शकको भीडभाड चलचित्र भवनमा देखिएको छ । प्रदर्शनरत चलचित्र 'पिताम्बर', 'अञ्जिला', 'वसन्त', 'कर्मा' लगायत हेर्न दर्शकको उत्साहजनक उपस्थिति रहेको निर्माण पक्षले जनाएको छ । निर्देशक कृषा चौलागाईंले चलचित्र 'पिताम्बर'ले नयाँ वर्षको दिन सोमबार प्राप्त गरेको शोहरू भरिभराउ रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले दिनुभयो । उहाँले चलचित्र हेरिरहँदा दर्शकले हरेक कलाकारलाई कथासँग जोडिएर प्रस्तुत गरेको अनुभूति गर्ने बताउनुभयो ।

"हामीले दर्शकलाई एउटा स्तरीय चलचित्र दिने कोसिस गरेका छौँ । कलाकारको भीडभाड देखिए पनि कथाअनुसार सबै आवश्यक छ । यो चलचित्रपछि अन्य निर्मातालाई यी कलाकारलाई लिएर चलचित्र निर्माण गर्ने आँट आउनेछ", निर्देशक चौलागाईंले भन्नुभयो । उक्त चलचित्रले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको 'सेन्ट्रल म्यानेज्मेन्ट टिकट सिस्टम' (बक्स




काठमाडौँ उपत्यकाका अधिकांश चलचित्र भवन पुगेर दर्शक कोप्रतिक्रिया लिएका छौँ । चलचित्र हेर्नेले राम्रो प्रतिक्रिया दिनुभएको छ । नेपालमा यस्तो चलचित्र बन्छ भन्ने प्रतिक्रिया दिनु नै हाम्रो सफलता हो ।" उहाँले व्यापारिक रुपमा आफ्नो समूह सफल हुने विश्वास व्यक्त गर्नुभयो । उक्त चलचित्रमा अभिनेता सौगात मल्ल, दयाहाङ राई, प्रदीप खड्का, अनुपविक्रम शाही, आर्यन सिग्देल, दिव्यदेव पन्त, प्रमोद अग्रहरी, दिव्या रायमाझी, सुपुष्पा भट्ट, सुरक्षा पन्त, गौरव विष्टलगायत कलाकारले अभिनय गर्नुभएको छ ।

यस चलचित्रलाई 'मल्टीस्टारर' भनिएको छ । उल्लेखित कलाकार कथाको मागका कारण राखिएको निर्देशक चौलागाईंले जानकारी अफिस)मा रु एक करोड ८६ लाख (ग्रस) व्यापार गरेको तथ्याङ्क छ ।

अभिनेता विपीन कार्की, दिव्यदेव पन्त, मुकुन भुसाल, उपासना सिंह ठकुरीलगायतले अभिनय गर्नुभएको चलचित्र 'कर्मा' मा दर्शकको उपस्थिति उल्लेख्य देखिएको छ । सौरभ चौधरीले निर्देशन गर्नुभएको चलचित्र द्वन्द्व प्रधान विधामा तयार भएको छ ।

प्रकाश सपूतले अभिनय तथा निर्देशन गर्नुभएको चलचित्र 'वसन्त', नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित चलचित्र 'अञ्जिला' मा पनि नयाँ वर्षमा दर्शकको उत्साहजनक उपस्थिति रहेको छ ।रासस

# पर्यटन क्षेत्रलाई चलायमान बनाउन होटलमा थपिँदै लगानी

राँझा । नेपालगञ्जमा पर्यटन क्षेत्रलाई चलायमान बनाइ राख्न यहाँको होटल व्यवसायमा लगानी थपिँदै गएको छ । नेपालगञ्जमा सञ्चालनमा रहेका तारे होटलले पूर्वाधार विस्तारसँगै सेवा सुविधा स्तरोन्नतिमा लगानी थप्दै गएका छन् भने नयाँ होटलले ठूलो मात्रामा लगानी गरिरहेका छन् ।



यहाँ निर्माणाधीन पाँचतारे होटल 'पौवा वेस्टर्न'ले रु एक अर्ब लगानी गर्दैछ । नेपालगञ्जको होटलमा नेपाली हस्पिटालिटीभित्र अन्तरराष्ट्रिय सुविधा रहने गरी एक अर्बको हाराहारीमा लगानी गर्ने योजना बनाएको होटल पौवाका अध्यक्ष दुर्गा भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार, पहिलो चरणको काम सम्पन्न भई अत्याधुनिक सभा हल तथा नेपाली रेस्टुरेण्ट सेवा सुरु भइसकेको छ भने मुख्य आवास भवन निर्माण भइरहेको छ ।

यस क्षेत्रको पर्यटन क्षेत्रलाई चलायमान बनाइ राख्न आवश्यक पूर्वाधार र सुविधामा कमी हुन नदिने उहाँ बताउनुहुन्छ ।

होटल पौवा नेपालगञ्जका प्रबन्धक गिरिराज पाण्डेले नेपालगञ्जमा सञ्चालित शाखामा फरक-फरक स्वाद र परिकारका पाँच रेष्टुरेण्ट, चार ठूलो सभा हलसहित १४ मिटिङ हल, सात स्वीट रुमसहित ९६ डिलक्स रूम उपलब्ध हुने जानकारी दिनुभयो । नेपालगञ्जमा पहिलो होटलका रुपमा नौ तलासहितको एउटै छानामुनी स्पा, स्वीमिङ, जिम सुविधा रहने उहाँको भनाइ छ ।

नेपालगञ्जमै सञ्चालित होटल सिटी प्यालेसले पूर्वाधारमा लगानी थप गरी पाँचतारे स्तरको सुविधा उपलब्ध गराउन सक्षम भएको होटलका सञ्चालक लोकेन्द्र अर्यालले बताउनुभयो । उहाँले पाँचतारे होटलको मापदण्डअनुसार पूर्वाधारदेखि लिएर सेवा सुविधाको लागि थप लगानी गरिएको जानकारी दिनुभयो ।

कोभिड-१९ र त्यसपछिको आर्थिक मन्दीले थलिएको होटल तथा पर्यटन व्यवसाय प्रगतिउन्मुख रहेको होटल व्यवसायी सङ्घ बाँके, नेपालगञ्जका अध्यक्ष रङ्गबहादुर खड्काले बताउनुभयो । उहाँले सुधारतिर गइरहेको अवस्थालाई थप टेवा दिन नीतिगत रुपमै सरकारले सकारात्मक वातावरण बनाइ दिनुपर्ने बताउनुभयो ।"बाहिर जे-जस्तो भाष्य स्थापित गर्न खोजिए पनि आर्थिक क्षेत्र चलायमान भइरहेको भन्ने तथ्यले देखाएको छ", खड्काले भन्नुभयो, "करोडौँ लगानीका होटल त्यत्तिकै खुलिरेहका होइनन्, अवस्थामा सुधार देखिँदै आइरहेको छ ।"

सङ्घका संस्थापक अध्यक्ष मदन बिसीले होटल व्यवसायीप्रतिको बुझाइमा आएको सकारात्मक दृष्टिकोणले व्यावसायिक परिस्थितिमा सुधार ल्याएको बताउनुभयो । "हिजो होटलमा पस्दा बस्दादेखि नै अर्कै नजरले हेरिन्थ्यो, शङ्का गरिन्थ्यो, पछिल्ला दुई दशकमा नेपालीको दृष्टिकोण मै व्यापक परिवर्तन आएको छ, अब त बिहेका भोजमात्रै होइन कन्यादानको पवित्र मण्डपनै होटलमा बन्न थालेका छन्, यसले व्यवसायमा सहयोग पुगेको छ", उहाँले भन्नुभयो ।

होटल व्यवसायी सङ्घ बाँकेका निवर्तमान अध्यक्ष भीम कँडेलले व्यावसायिक सुधारका लागि नेपालगञ्जमा धेरै सम्भावना रहेकाले होटल व्यवसाय तथा पर्यटन क्षेत्रलाई चलायमान बनाइ राख्न तीनै तहका सरकारले निजी क्षेत्रसँग सहकार्यको मोडेल बनाएर जानुपर्ने उल्लेख गर्नुभयो ।

नेपालगञ्ज उपमहानगरपालिका नगरप्रमुख प्रशान्त विष्टले कोभिड-१९ का कारण ठूलो जोखिममा परेको होटल तथा पर्यटन व्यवसाय सुधारोन्मुख अवस्थामा अगाडि बढेकामा खुसी व्यक्त गर्दै पर्यटनका सम्भावनालाई अवसरमा बदल्न सहकार्य आवश्यक रहेको बताउनुभयो ।रासस

# जनकपुर-ढल्केवर सडकको बसही खोलामा चक्काजाम



टुडे समाचारदाता

जनकपुरधाम । जनकपुर-ढल्केवर सडक खण्ड अन्तर्गत मिथिला नगरपालिका-२ र ६ को सीमामा पर्ने बसही खोलाको अधूरो पुल निर्माण गर्नुपर्ने माग गर्दै स्थानीयवासीले बुधबार बिहान एक घण्टा चक्काजाम गरेका छन् ।

राजु कन्ट्रक्सन कम्पनीले वर्षौंदेखि पुल निर्माणको जिम्मा लिएर बेवास्ता गरेपछि स्थानीयवासीले चक्काजाम गरेका थिए । नियमितरूपमा सवारी दुर्घटना भइरहने सो ठाउँमा दर्जनौँले ज्यान गुमाइसकेका छन् । यस्तै घटना दोहोरिन नदिन माग गर्दै स्थानीय जनप्रतिनिधि, सर्वसाधारण, युवा तथा विद्यार्थीहरूको सहभागितामा चक्काजाम गरिएको थियो ।

मिथिला नगरपालिका-६ का वडाध्यक्ष नन्दकिशोर यादवले पुल निर्माण अलपत्र पार्नु जनताको जीवनसँग खेलवाड भएको बताउदै चेतावनी स्वरूप चक्काजाम गरिएको बताए ।

बसही खोलाको यो पुल वर्षौंदेखि अधुरो अवस्थामा छ । खासगरी रातको समयमा झन् बढी दुर्घटना हुने गरेको स्थानीयको भनाई छ ।

स्थानीयका अनुसार पुल नहुँदा यातायातका साधन खोलाको पेटीबाट जोखिम मोलेर गुड्न बाध्य छन् । भारी सवारी साधनका लागि यो मार्ग बन्द अवस्थामा भएको र विद्यालय जाने बालबालिका, बुढापाकालगायत हरेक वर्गलाई दिनहुँ सास्ती खेप्नुपरेको छ ।

पुल निर्माणको जिम्मा लिएको राजु कन्ट्रक्सन कम्पनीमाथि जनप्रतिनिधिले ठेक्का लिएर काम नगर्ने, निर्माणस्थलमा सामग्री राखेर छोड्ने अनि वर्षौंसम्म सम्पर्कविहीन रहने आरोप लगाएका छन् ।

चक्काजामको जानकारीपछि जिल्ला प्रहरी कार्यालय र प्रशासनका अधिकारी स्थलमै पुगेर वार्ताको पहल गरेका थिए ।

# शान्ति र सद्भाव कायम राख्न मन्त्री यादवद्वारा अनुरोध

टुडे समाचारदाता

वीरगञ्ज । खानेपानीमन्त्री एवं जनता समाजवादी (जसपा) का उपमहासचिव प्रदीप यादवले वीरगञ्जमा शान्ति र सद्भाव कायम राख्न आम नागरिकमा अनुरोध गरेका छन् ।

पछिल्लो केही दिन यतादेखि वीरगञ्जमा दुई समुदायबीच द्वन्द्व भइरहेकाले उनले बुधबार सामाजिक सञ्जालमार्फत शान्ति र सद्भाव कायम राख्न सबै समुदाय एवं नागरिकहरुमा अनुरोध गरेका हुन् ।

वीरगञ्जको मौलिक पहिचान धार्मिक स्थलहरू, विशिष्ट तरिकाले मनाइने पर्व-यात्राहरू र सामाजिक सांस्कृतिक सामन्जस्यले पनि भएको र नेपालको संविधानले प्रत्येक नागरिकलाई आफ्नो धार्मिक-सांस्कृतिक आस्थाको स्वतन्त्रता दिएको उनले सामाजिक सञ्जालमार्फत उल्लेख गरेका छन् ।

यसैगरी मन्त्री यादवले वीरगञ्ज क्षेत्रमा एक अर्का समुदायको पर्व-यात्रामा मिलिजुली मनाउने, सहयोग तथा सद्भाव राख्ने गौरवशाली परम्परा रहि आएको तथा यहाँका बासिन्दाहरूको सुझबुझ र समझदारीले गर्दा देखा पर्ने पारस्परिक तनाव वा असमझदारी लाई आपसी संवादको माध्यम बाट समाधान गर्ने गरिएको विगत रहेको बताएका छन् ।

वीरगञ्ज सबैको साझा फूलवारी भएको र यहाँ शान्ति, सद्भाव एवं मेल-मिलाप कायम राख्नु सबैको साझा जिम्मेदारी भएको बताए ।

हाल केही दिनदेखि वीरगञ्जमा शांति सद्भावमा खलल पुऱ्याउने, उत्तेजना फैलाउने अभिव्यक्ति दिने, सार्वजनिक वा निजी सम्पत्ति माथि तोड़फोड़ गर्ने, आगो लगाउने, वा अभद्रता गर्ने जो कोहीलाई दण्डित गर्न स्थानीय प्रशासनले कानुन बमोजिम काम गरिरहनु पर्ने एवं आफ्नो प्यारो शहरमा तनाव टुसाएको समयदेखि नै आफु व्यक्तिगत रूपमा पर्सा जिल्लाका प्रशासन र प्रहरीको निरन्तर सम्पर्कमा रहेको जानकारी दिएका छन् ।

"विभिन्न समुदायका अगुवाहरूसँग समन्वय र सल्लाह गरी शान्ति स्थापित गर्ने प्रयासमा छु । वीरगञ्ज क्षेत्रका सबै नागरिकहरूसँग सामाजिक सद्भाव र शान्ति कायम राख्न विनम्र अपील गर्दछु । स्थानीय प्रशासनले दोषीको पहिचान गरि कानूनी कार्रवाई अगाड़ी बढाउनु पर्छ । शान्ति र सद्भावका लागि गरिने प्रयत्न हो हल्ला र प्रचारबाजी भन्दा नेपथ्यबाट गम्भीर प्रयास गरिनु पर्छ भन्ने मेरो मान्यता हो । म नगरवासी लाई विश्वास दिलाउन चाहन्छु, हामी सबैको प्रयासले वीरगञ्ज आफ्नो पुरानै लयमा अवश्य नै फर्किन्छ ।" सामाजिक सञ्जालमार्फत उनले विश्वास व्यक्त गरेका छन् ।



त्यस्तै पर्साका राजनीतिक दलहरूले वीरगञ्जमा कुनै किसिमको धार्मिक सद् भाव खलल नपुर्‍याउन अपिल गरेका छन् ।बुधबार बसेको सर्वदलीय बैठकले सबैपक्षलाई धार्मिक र सामाजिक सदभावमा खलल नपुऱ्याउन अपिल गरेका छन् ।

पर्सा जिल्लाको पछिल्लो समय विकसित घटना क्रमलाई मध्य नजर गर्दै आयोजित बैठकले वीरगञ्जको छपकैयमा भएको बारेमा गहन छलफल गरेको थियो । शनिबार देखि वीरगञ्जमा चलिहरेका घटनाक्रमको बिषयमा गहनरुपमा छलफल पछि बैठकमा सहभागी राष्ट्रिय स्वतन्त्र पार्टी पर्साका सभापति हरि पन्तले बताए । पन्तले बैठकमा दलहरूले आ आफ्ना भातृ संगठनलाई सामाजिक र धार्मिक सद्द भाब खलबलिने अभिव्यक्ति नदिन पनि सजग गराउने भद्रसहमति भएको बताए । बैठकमा नेपाली काङ्ग्रेसका काबा सभापति रामनारायण कुर्मी , एमाले अध्यक्ष डा बिस्वम्भर शर्मा , जसपा अध्यक्ष राम नरेश यादब , तब्रेज आलम ,बीमनपाका उपमेयर इम्तियाज आलम ,जनमतका जिल्ला अध्यक्ष ॐ प्रकाश सर्राफ लगायतले आ आफ्नो बिचार राखेका थिए । साथै अब निरन्तर सर्बदलीय बैठक मार्फत जिल्लाका समस्या समाधानमा अघि बढ्ने सहमति समेत भएको छ ।

वीरगञ्जको घटनामा संलग्न दोषीमाथि कारबाही गर्न निर्देशन

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले वीरगञ्जको सद्भाव खल्बल्याउने घटनामा संलग्न दोषीमाथि छानबिन गरी कानुनबमोजिम कारबाही गर्न निर्देशन दिएका छन् ।

उनले बुधबार एक विज्ञप्ति जारी गरी धार्मिक, सांस्कृतिक तथा जातीय विविधताबीच आपसी सम्मान र भाइचाराको भावना प्रकट गर्नु सबै नागरिकको कर्तव्य भएको उल्लेख गर्दै समाजमा शान्ति र सहिष्णुता कायम राख्न सबै पक्षबाट संयम र समझदारीको आवश्यकता रहेको उल्लेख गरेका छन् ।

मन्त्री गुप्ताद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "कुनै पनि बहानामा आपसी सद्भाव भङ्ग गर्ने कार्य दुःखद् र चिन्ताजनक हो, नागरिकहरूले एकअर्काका धार्मिक विश्वास र आस्थाप्रति सम्मान जनाउनु सहअस्तित्वको आधार हो ।"

झडपपछिको अवस्थालाई ध्यानमा राख्दै मन्त्री गुप्ताले निरन्तर स्थानीय प्रशासन र सुरक्षा निकायसँग सम्पर्कमा गरिरहेको उल्लेख गरे । उनले घटनाका दोषीहरूलाई पहिचान गरी कानुनी दायरामा ल्याउन प्रहरी प्रशासनलाई निर्देशनसमेत दिए ।

मन्त्री गुप्ताले हनुमान जयन्तीका अवसरमा वीरगञ्जमा निकालिएको शोभायात्राका क्रममा भएको झडपबाट सृजना भएको तनाव र त्यसपछि विकसित घटनाक्रमप्रति गम्भीर चासो देखाउनुभएको छ । झडपपछि दुवै समुदायका प्रतिनिधि र विभिन्न राजनीतिक दलको सर्वदलीय बैठक बसेर घटनाको समीक्षा गरिएको विज्ञप्तिमा उल्लेख छ ।

उक्त बैठकबाट तयार भएको पाँच बुँदे सहमतिअनुसार दोषी पहिचान, अनुसन्धान र कारबाही प्रक्रियालाई अगाडि बढाउन मन्त्री गुप्ताले आग्रह गरे । मुलुकको आर्थिक तथा औद्योगिक केन्द्रका रूपमा परिचित वीरगञ्जमा सामाजिक सद्भावमा खल्बल्याउने प्रयासप्रति गहिरो चिन्ता व्यक्त गर्दै उनले सबै वीरगञ्जवासीलाई संयमित र सजग रहन अनुरोध गरे ।

## धार्मिक सहिष्णुता भंग हुन नदिन मुख्यमन्त्री सिंहको आग्रह



टुडे समाचारदाता

वीरगञ्ज । मुख्यमन्त्री सतीश कुमार सिंहले हनुमान जयन्तीको अवसरमा वीरगञ्जमा निकालिएको शोभायात्राका क्रममा उत्पन्न झडपपछि शहरमा केही दिनदेखि तनाबको स्थिति कायम भएकोमा धार्मिक सहिष्णुता कायम राख्न आग्रह गरेका छन् ।

मुख्यमन्त्री सिंहले घटनाप्रति चिन्ता व्यक्त गर्दै सबैलाई आपसी सद्भाव कायम राख्न आग्रह गरेका छन् । उनले हिंसा फैलाउने तत्वलाई कानुनी दायरामा ल्याउन सम्बन्धित निकायलाई निर्देशन दिइएको जनाएका छन् ।

वीरगञ्जलाई धार्मिक, सांस्कृतिक र जातीय विविधताको प्रतीकको रूपमा चित्रण गर्दै हाल देखिएको तनावलाई चिन्ताजनक भन्दै उनले भने, 'सद्भाव बिगार्ने हर्कत स्वीकार्य छैन,'समाजमा असहिष्णुता फैलाउने कार्यप्रति शून्य सहनशीलता अपनाइनेछ ।'

उनले समाजमा शान्ति र मेलमिलाप कायम राख्न स्थानीय प्रशासन, राजनीतिक दलहरू, नागरिक समाज र सुरक्षाकर्मीको भूमिकाको प्रशंसा गरेका छन् ।

पर्सा प्रहरीले शोभायात्राको क्रममा उत्पन्न झडपमा संलग्न दुवै पक्षका चार जनालाई नियन्त्रणमा लिएको जनाएको छ । यस्तै, मंगलबार निषेधाज्ञा उल्लंघन गर्दै प्रदर्शनमा सहभागी भएका थप दुई जनालाई समेत पक्राउ गरिएको हो ।

नेपाल पत्रकार महासंघ पर्सा शाखाका अनुसार प्रदर्शनका क्रममा रिपोर्टिङमा खटिएका तीन जना पत्रकार घाइते भएका छन् । महासंघले घटनाप्रति चिन्ता व्यक्त गर्दै पत्रकारहरूको सुरक्षामा थप ध्यान दिन सम्बन्धित निकायलाई आग्रह गरेको छ ।

# सिरहामा महिलाको मृत्यु प्रकरणबारे छानबिन गर्न गृहमन्त्रीको निर्देशन

टुडे समाचारदाता

सिरहा । रमेश लेखकले सिरहाको नवराजपुर गाउँपालिका-३ स्थित जगतपुरकी २४ वर्षीया आनन्दीदेवी सदायको मृत्यु प्रकरणबारे सत्यतथ्य छानबिन गर्न प्रहरी प्रशासनलाई निर्देशन दिएका छन् । करिब चार महिनाअघि यौन दुर्व्यवहारमा परेकी सदाय मङ्गलबार आफ्नै घरमा मृत फेला परेकी थिइन् ।

गृहमन्त्री लेखकले यस घटनाका सम्बन्धमा गम्भीर चासो व्यक्त गर्दै प्रहरी महानिरीक्षक दीपक थापालाई फोन गरी घटनाका सम्बन्धमा सत्यतथ्य छानबिन गर्न निर्देशन दिएको गृह मन्त्रालयको सचिवालयले जनाएको छ ।

मृतक आनन्दीदेवी गत पुस ९ गते सिरहा बरियारपट्टी गाउँपालिका-१ मा बस्ने दिदीलाई भेट्न हिँडेको बखत स्थानीय २२ वर्षीय सञ्जीवकुमार यादव र ३२ वर्षीय श्यामसुन्दर यादवबाट यौन दुर्व्यवहारमा परेकी जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एवं प्रहरी उपरीक्षक अनन्तराम शर्माले जानकारी दिए । उनका अनुसार निजहरू उपर जबर्जस्ती करणी उद्योगमा मुद्दा दर्ता भएकामा उनीहरू पक्राउ पर्न सकेका छैनन् ।



प्रहरी उपरीक्षक शर्माले आफू जिल्लामा आउनुअघिको घटना भएकाले यस सम्बन्धमा सुरुदेखि सुक्ष्म ढङ्गले अनुसन्धान गरिरहेको जानकारी दिए । "गत फागुन २५ गते निजहरूविरुद्ध जबर्जस्ती करणी उद्योगमा मुद्दा दर्ता भएको थियो । घटनालगत्तै पीडकहरू फरार छन् । उनीहरू नेपाल छाडी भारतमा लुकेका हुनाले खोजतलास गर्न चुनौती भए पनि प्रहरी प्रशासन निरन्तर लागिरहेको छ", उनले भने, "पीडितमाथि यौन दुर्व्यवहारलगत्तै प्रहरीले मेडिकल जाँच, जिल्ला अदालतबाट पीडकविरुद्ध पक्राउ पुर्जी जारी गर्ने काम गरेको छ ।"

प्रहरी उपरीक्षक शर्माले बुधबार मात्र घटनास्थल पुगी पीडितपरिवालाई भेटेको जानकारी दिए । "मृतक आनन्ददेवीको दुई वर्षकी छोरी छिन् । आनन्दीदेवी एकदवर्षदेखि माइतीमा बस्दै आएकी थिइन् । यौन दुर्व्यवहारमा परेकी आनन्दीदेवी माइतमा कोही नभएको बेला झुन्डिएको अवस्थामा हिजो मृत फेला परेकी हुन्", उनले भने ।

मृतकको शव परीक्षणका लागि लहानस्थित प्रादेशिक अस्पतालमा राखिएको प्रहरीले जनाएको छ । घटनाका विषयमा विस्तृत अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# ढल्केवर ग्रिडमा आगलागी

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल विद्युत प्राधिकरणको ढल्केवर ग्रिडमा बुधबार बिहान भएको आगलागीका कारण विद्युत सेवा पूर्ण रूपमा अवरुद्ध भएको थियो । बिहानैदेखि विद्युत आपूर्ति रोकिएपछि जनजीवन प्रभावित बनेको थियो भने बजार, कार्यालय, विद्यालय र अन्य सेवा क्षेत्रहरूमा समस्या देखिएको थियो ।

प्राधिकरणका अनुसार बिहान करिब ७:३० बजे ग्रिडभित्र रहेको केबल, ब्रेकर र एमसिटी उपकरणमा अचानक सर्ट सर्किट भएर आगलागी सुरु भएको थियो । आगो फैलिन नपाउँदै एक घण्टाभित्र नियन्त्रणमा लिइएको भए पनि विद्युत संरचनामा भएको क्षतिका कारण सेवा अवरुद्ध हुन पुगेको थियो ।

घटनाबारे जानकारी दिँदै नेपाल विद्युत प्राधिकरणका प्रादेशिक कार्यालय प्रमुख शम्भु कुसियैतले 'सर्ट सर्किटको कारण ग्रिडभित्र आगलागी भएको थियो । क्षतिग्रस्त उपकरणहरूको मर्मत कार्य गरिएको बताए ।



आगलागीपछि धनुषा, महोत्तरी र सर्लाही जिल्लाको विद्युत आपूर्ति प्रभावित भएको थियो । सर्लाहीमा वैकल्पिक फिडमार्फत सेवा पुनः सुचारु गरिएको कुसियैतले जानकारी दिए । 'सर्लाहीतर्फ बैकल्पिक उपाय अपनाइएको छ ।


## वैदेशिक रोजगारमा जानुपूर्व ध्यान दिनुपर्ने कुरा

- श्रम स्वीकृती लिएरमात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारमा जाँदा गर्ने काम, लाग्ने खर्च र पाउने सेवा सुविधाको यकिन गरौं,
- वैदेशिक रोजगार व्यवसायीको आधिकारिकताका बारेमा सचेत बनौं,
- भिषा तथा श्रम स्वीकृतिको सुनिश्चिततापछि मात्र कानूनले तोकेबमोजिम रकम बुझाऔं र बुझाएको रकमको अनिवार्य भर्पाई लिऔं,
- वैदेशिक रोजगारमा जाने देशको भाषा, संस्कृति, रीतिरिवाज र कानूनका बारेमा जानकारी प्राप्त गर्न अनिवार्य रुपमा अभिमूखीकरण तालिम लिऔं,
- सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराऔं,
- नेपाल सरकारद्वारा स्वीकृत कम्पनीमा जीवन बीमा गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# राजतन्त्र ब्युँताउनु दिवास्वप्न हुने यादवको भनाइ



टुडे समाचारदाता

जलेश्वर । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालमा राजतन्त्र ब्युँताउनु दिवास्वप्न हुने बताएका छन् ।

जनता समाजवादी पार्टी नेपालको 'महोत्तरी जिल्ला अधिवेशन'को उदघाटन गर्दै उनले नेपाली जनताको त्याग र बलिदानीले ल्याएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र कसैले चाहेर पनि समाप्त नहुने बताए । उनले केही व्यक्ति र केही शक्ति मिलेर लोकतन्त्रलाई समाप्त गरेर देशमा राजतन्त्र ब्युँताउने प्रयास गरिरहे पनि जनता सजग र चनाखो भएकाले उनीहरुको प्रयास असफल हुने उनको भनाइ छ ।

अध्यक्ष यादवले वर्तमान सरकारप्रति जनतामा आक्रोश र निराशा रहेकोसमेत उल्लेख गरे । देशमा विद्यमान नकारात्मक र निराशाजनक परिस्थितिको जिम्मेवार वर्तमान सरकार रहेको र उनीहरुलाई आउने दिनमा जनताले निर्वाचनमार्फत जवाफ दिने उनले बताए ।

# मिश्रको स्मारक निर्माण गर्न गुठीको निर्देशन

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-४ मा निर्माणाधीन रामनारायण मिश्र स्मारक संरचना पोखरी क्षेत्रमा असर नपर्ने सर्तसहित अगाडि बढाउन गुठी संस्थान जनकपुरधामले निर्देशन दिएको छ ।

यस विषयमा रामनारायण मिश्र स्मारक समितिबाट प्राप्त कागजातहरूमाथि मूल्यांकन गरेपछि गुठी संस्थान शाखा कार्यालय जनकपुरधामले सो निर्देशन दिएको हो । यसअघि गुठीले स्मारक निर्माण समितिलाई संरचना निर्माण रोक्न अनुरोध गरेको थियो । तर, समितिले पुनः प्रतिउत्तर पठाउँदै आवश्यक सबै प्रमाणसहितको विवरण पेश गरेपछि गुठीले संरचना निर्माणका लागि स्विकृति दिएको छ ।




समितिले आफ्नो प्रतिउत्तरमा जनकपुरधाम उपमहानगरपालिकाबाट प्राप्त प्रथम चरणको निर्माण इजाजतपत्र र भूमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट श्रेस्ता कायम भएको जग्गाको प्रमाणस्वरूप जग्गाधनी दर्ता प्रमाण-पत्र (पुर्जा) प्रमाणको रुपमा पेश गरेको थियो ।

यी प्रमाणहरूका आधारमा निर्माण कार्य नियमानुसार रहेको जनाउँदै गुठी संस्थानले कानुनी मापदण्डको पालना गर्नुपर्ने शर्तसहित स्मारक निर्माणको अनुमति दिएको छ । स्मारक संरचना गंगासागर पोखरी क्षेत्रसँग प्रत्यक्ष संलग्न हुने गरी निर्माण नगर्न आग्रह गरिएको छ । पोखरी क्षेत्रको संरक्षण, सौन्दर्य र ऐतिहासिक महत्वलाई ख्याल गर्दै निर्माण कार्य अगाडि बढाइनुपर्ने गुठीको निर्देशन छ ।कार्यालय प्रमुख आनन्दप्रसाद कर्माचार्यले प्रचलित कानूनको मापदण्ड अनुसार गंगासागर पोखरीमा असर नपर्ने गरी मात्र निर्माण कार्य गर्न अनुरोध गरेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८